बेर्ना रोपेको १०-१२ दिनभित्रै स-साना मसिना झारपात देखिन थाल्दछन् र यति बेलानै यी झारपातलाई मार्नु वा हटाउनु पर्दछ । यी घाँस हटाउन मानिसले आफ्नो हातले घाँस टिप्ने गरेको पाईन्छ जुन ज्यादै खर्चालु र घाँस चँडिन गई पुन पलाउन सक्तछ । अत कुटो वा कोदालोले प्याजको दुईलाईनको बिचको भागलाई पातलो गरि खनि ठूलो डल्ला भएमा फोरी मसिनो समेत गर्नु पर्दछ ।

यसै गरि २०-२५ दिनमा दास्रो र ४५-४५ दिनमा तेस्रो पटक प्याज बारी खनि घाँसको समस्यालाई न्यून गर्नु पर्दछ । तर यसरी गोड्ने काम माटो हिलो नभएको र घाम लागेको दिनमा गर्नु पर्दछ ।

यदि ठूलो क्षेत्रफलमा खेति गरिएको छ भने र गोड्ने जनशक्ति पनि कम ५ भने वा पाउन कठिन र महँगो छ भने साघुरो पाते घास मार्नको लागि टर्गा सुपर २ एम.एल.लाई चौडा पाते घाँस मार्ने विषादि जारगन सँग ३ एम.एल.प्रति लिटर पानीका दरले मिसाई अलिअलि घाँस आएपछि अर्थात बेर्ना सारेको १०-१२ दिनमा स्प्रेयर द्धारा छर्नु पर्दछ । घाँस मार्ने विषादि छर्दा स्प्रेयरको नोजल भने बेग्लै किसिमको हुने भएकोले सो नोजल फेरी छर्नु पर्दछ । यसलाई १०-१५ दिनपछि फेरी बाँकी रहेको वा उम्रिएको घाँस मार्न फेरी यी घाँस मार्ने विषादी छर्नु पर्दछ । यसरी विषादि छरेपछि कहीं कतै छुटफुट घाँस देखिएमा मानिसद्धारा निकालिदिनु पर्दछ ।

घाँस मार्ने विषादि छर्दा प्याज बाली नोक्सान हुन्छ कि भन्ने शंका कृषकहरूमा हुन सक्दछ, तर यो प्रविधि लेखकले आफैले आफ्नो फार्म र कृषकहरूको खेतमा समेत प्रयोग गरी सफल भएकोले यसमा कृषक मित्रहरूले दुविधामा पर्नु पर्दैन ।

**२३. बाली भित्र्याउने :**

बेर्ना रोपेको ४०-४५ दिनदेखिनै स-सानो गानो बन्ने भएकोले शहर बजार वरिपरिका स्थानमा उत्पादन भएका प्याज हरियो सागको रुपमा गानो सहित हरियो पात । डाँठ आर्कषक भाउमा बिक्री गर्न सकिन्छ । यो काम गानो खन्ने बेलासम्म समेत गर्न सकिन्छ किनभने यो वर्षे प्याजमा गानो ठूला-ठूला बनि खन्ने समयसम्म पनि हरियो पात र डाँठ भईरहन्छ ।

गानोको लागि मात्र खेति गरिएको होभने बेर्ना रोपेको ७०-८० दिनभित्र बोट सहित गानो उखेल्ने र ४-५ दिनजति घाममा सुकाउनु पर्दछ । त्यस पछि पात डाँठ पहेंलो भई सुकेपछि २-३ से.मी.को भेट्नो राखि डाँठ काण्डलाई गानोबाट छुटाउनु पर्दछ ।

यसरी छुटाईएको गानोहरूबाट बढि आम्दानी लिनको लागि गानोहरूको छनौट गर्नु पर्दछ । यसरी छनौट गर्दा फुटेका, कुहिएका, बिकृत आकार भएका गानोहरूलाई ठानी कसरी यिनीहरूको प्रयोग गर्न सकिन्छ त्यसै अनुसार गर्ने ।

छानिएका राम्रा गानाहरूलाई साना, मझौला र ठूला गानामा विभाजन गरि भिन्दा-भिन्दै भण्डारण गर्ने वा भिन्दा-भिन्दै प्याकिङ्ग गरी बजारमा बिक्रीको लागि पठाउनु पर्दछ ।

यसरी गानो छान्ने कार्य गर्दो राम्रो तथा आकर्षक गानोको लागि व्यापारीले आकर्षक मूल्य दिई कृषकको आम्दानी राम्रो सँग बढेको समेत पाइएको छ ।

**२४.गानो उत्पादन :**

तराई तथा पहाडि भागमा २ वर्षसम्म गरेको परीक्षण तथा प्रर्दशनीको नतिजा अनुसार सरदर गानो उत्पादन फरक-फरक स्थानमा फरक-फरक पाईएको छ तापनि बेमौसमी-१ ले सबै स्थानहरूमा सबैभन्दा बढि उत्पादन दिएको छ भने रेड क्रियलले सबैभन्दा कम गानो उत्पादन दिएको पाइएको छ ।

बेमौसमी-१ पछि एगृफाउण्ड डार्क रेड र डार्क रेडले पनि राम्रै उत्पादन दिएको पाईएको हुनाले बेमौसमी-१ को बीउ पाएसम्म यो जातको खेती गर्ने र यो जातको बीउ नपाएमा एगृफाउण्ड डार्क रेड र डार्क रेड जातहरूको बीउ प्रयोग गरेर पनि वर्षे प्याज खेती गरी राम्रो आम्दानी लिन सकिन्छ ।

**तालिका-१**

बेमौसमी प्याजको विभिन्न जातहरूको उत्पादकत्व :

| सि.नं.,जात | उत्पादन प्रति २.१ वर्ग मिटर, प्लट के.जी. | उत्पादन प्रति, रोपनी के.जी. | कैफियत |
|---|---|---|---|
| १. रेड क्रियल | ३.३६ | ५६० | ज्यादै कम गानो बन्ने |
| २. नासिक रेड-५३ | ५.८८ | ९८० | कम गानो बन्ने |
| ३. डार्क रेड | १०.५० | १०५० | शत प्रतिशत गानो बन्ने त ? साना गानो हुने |
| ४. एगृफाउण्ड डार्क रेड, | ११.३४ | १८९० | शतप्रतिशत गानो बन्ने, त ? मझौला गानो बन्ने |
| ५. बेमौसमी-१ | १३.८६ | १३१० | शतप्रतिशत गानो बन्ने, ठूलो गानो बन्ने |

**तालिका- २**

बेमौसमी प्याज

उत्पादन गर्दा लाग्ने खर्च :

जनशक्ति खर्च

| विवरण | खर्च रु. प्रति रोपनी |
|---|---|
| बेर्ना उत्पादन गर्न | ४००।- |
| जमिन तयार पार्न | १५००।- |
| मलखाद ढुवानी गर्न तथा छर्न | ३००।- |
| बेर्ना रोप्न | ८००।- |
| सिंचाई गर्न | ४००।- |
| पुनः मल दिन | ३००।- |
| विषादी छर्न | ४००।- |
| गोडमेल गर्न | १८००।- |
| बाली खन्न तथा ढुवानी गर्न | ८००।- |
| डाँठ तथा पात काट्न तथा भण्डारण गर्न | ४५०।- |
| प्याकिङ्ग गर्न | ४५०।- |
| जम्मा | ७६००।- |

**तालिका-२**

सामाग्री खर्च

| विवरण | खर्च रु. प्रति रोपनी |
|---|---|
| बीउ खर्च | ७२०।- |
| प्राङ्गारिक मल | २७४५।- |
| माटोमा राख्ने सुक्ष्म तत्व | ४६५।- |
| रोग तथा किरा मार्ने विषादी | २२९।- |
| घाँस मार्ने विषादी | १२०।- |
| पातमा छर्ने मल तथा भिटामिन | ५५८।- |
| प्याज प्याकिङ गर्न पातलो बोरा | ४००।- |
| जम्मा | ५२३७।- |

खर्च तथा आम्दानी प्रति रोपनी :

| | |
|---|---|
| जनशक्ति/ज्यामी खर्च | रू.७६००।- |
| सामाग्र खर्च | रू. ५२३७।- |
| जम्मा खर्च | रू. १२८३७।- |
| बजारयोग्य गानो उत्पादन | २३०१ के.जी. |
| जम्मा आम्दानी | रू. ३४५१५।- |
| खुद आम्दानी | रू. २१६७८।- |



# Eswatini and IFAD boost inclusive financial services for farmers



02 October 2019

**Rome, 2 October 2019** – About 30,900 rural people in the Kingdom of Eswatini will benefit from a new US$38.5 million project that aims to improve the prosperity and resilience of poor and vulnerable smallholder farmers and micro-entrepreneurs in the country.

The financing agreement for the Financial Inclusion and Cluster Development Project was signed by correspondence by Gilbert F. Houngbo, President of the International Fund for Agricultural Development (IFAD), and Neal H. Rijkenberg, Minister of Finance of the Kingdom of Eswatini.

Project financing includes an $8.9 million loan from IFAD. The project will be cofinanced by a Financing Facility for Remittances grant ($300,000); the Government of Eswatini ($2.9 million); the enterprises ($7.4 million) and the beneficiaries themselves ($13.8 million). IFAD is negotiating with the Green Climate Fund and Global Environmental Fund to secure the climate financing ($5.0 million).

In Eswatini, 63 per cent of the population live in poverty and 89 per cent of the poor people, particularly young people and women, live in rural areas. It is essential to provide new livelihood opportunities through the development of the agricultural sector in rural areas to enable rural people to build better lives for themselves and their families. However, significant obstacles prevent most smallholders from taking advantage of these opportunities. They are held back by lack of quality inputs such as seeds, access to markets, financial services, high exposure to changing rainfall patterns and limited irrigation systems.

The Financial Inclusion and Cluster Development Project aims

*It will support producers to gain access to financial services and develop their business skills through training. The project will also promote gender and youth inclusion, and improve nutrition through greater access to diversified foods and higher incomes.*

to increase returns from sustainable farm and non-farm enterprises including by targeting poor rural women and youth aged 18-35 through efficient public and private sector investment. Implemented nationwide, based on cluster development for impact, it will focus on five commodities: red meat (beef and goats), poultry, pigs, vegetables and legume seeds.

"This new project is fully aligned with the Kingdom of Eswatini's various development strategies, which aim to improve marketing and processing infrastructure, improve access to market information and link farmers to markets," said Jaana Keitaanranta, IFAD Country Director for Eswatini.

The project will include investments in good agricultural practices – better quality seeds and irrigation systems – to improve productivity and production all year round. It will support producers to gain access to financial services and develop their business skills through training. The project will also promote gender and youth inclusion, and improve nutrition through greater access to diversified foods and higher incomes.

Since 1985, IFAD has financed six rural development programmes and projects in Eswatini at a total cost of $210.5 million, with an IFAD investment of $53.3 million. These projects and programmes have directly benefited 60,055 rural households.

*Press release No.**: IFAD/38/2019***

*IFAD invests in rural people, empowering them to reduce poverty, increase food security, improve nutrition and strengthen resilience. Since 1978, we have provided US$21.5 billion in grants and low-interest loans to projects that have reached about 491 million people. IFAD is an international financial institution and a United Nations specialized agency based in Rome – the United Nations' food and agriculture hub.*

*More about IFAD: www.ifad.org.*

David Florentin Paqui
Regional Communications Officer
+39 3357516406
d.paqui@ifad.org

on-farm storage losses. For fruits, roots and tubers, packaging and transportation also appear to be critical.

Such findings are valuable in providing guidance when identifying potential interventions for food loss reduction.

**Getting the incentives right**

The report urges countries to step up efforts to tackle the root causes of food loss and waste at all stages and provides guidance on policy and interventions to reduce food loss and waste.

Reducing food loss and waste generally entails costs, and farmers, suppliers and consumers will only take necessary measures if their costs are outweighed by the benefits. Thus, changing incentives for various stakeholders in the supply chain will involve identifying options that either increase the net benefits or provide better information on the existing net benefits, the report states.

Even when stakeholders are aware of the benefits of reducing food loss and waste, they may face constraints that prevent them from implementing actions. For example, without financial help private actors in developing countries, especially smallholders, may not be able to bear the high upfront cost associated with implementing such actions. Improving credit access could be an option even in the absence of detailed information on losses.

The report will also help governments to analyse constraints and trade-offs for more efficient interventions. For example, they can raise awareness of the benefits of reducing food loss and waste among suppliers and consumers and influence their decision-making through various types of actions or policies.

However, the report stresses that the policy measures aimed at reducing food loss and waste should be coherent and involve effective monitoring and evaluation of interventions to assure accountability of existing actions and efforts.

# Don't count your chickens before they hatch

11 October 2019

**©Fatoumata Diabate'**

The second Friday in October is World Egg Day. A day to recognise the vital role of eggs in feeding people around the world.

Many people in developing countries keep a small number of poultry for home consumption, either for meat or eggs, and as a source of income from the sale of



these products. There is minimal investment needed to keep poultry, with most of the inputs generated in the farm and labour provided by family members. Even though production may be quite small, a big advantage of family poultry egg production is a frequent provision of nutrients of high biological value.

The scale and type of poultry rearing varies greatly from scavenging to small-scale intensive. IFAD-supported projects also look at the conditions and requirements of these systems, such as the type of genetic resources used, feeding practices, disease prevention and control, flock management and how these factors interact.

**©IFAD/Radhika Chalasani**

A Vanaraja chicken in India is larger than native birds and produces more eggs. Eggs are an important part of the tribal diet and chicken meat is eaten mainly during religious festivals. The majority of tribal families keep between six and eight chickens.

**©IFAD/GMB Akash**

Apart from providing eggs and meat, poultry also have other important roles. In Asia, village poultry manure is used as feed for fish as part of an integrated system where poultry are raised on top of ponds. Family poultry can be part of a crop production rotational system where they can help reduce pathogens and pests. Having access to a variety of insects, weed seeds, crops and even minerals also helps the nutritional value of the birds and eggs. In Bangladesh, Morjina keeps over 300 ducks on her rice paddies to eat pests, fertilise the paddy and provide eggs.

**©IFAD/Susan Beccio**

Najiemba raises poultry in Uganda. With a loan from an IFAD-supported project she started with 100 'layers' and 100 'breeders'. She now has 600 chickens. She sells eggs and chickens to support her family and send her children to school.

**©IFAD/GMB Akash**

Morium works on a chicken farm she runs with her husband in Bangladesh. They have over 900 chickens on their farm which produce almost 900 eggs per day.

**©IFAD/Susan Beccio**

Workers package eggs on a chicken farm in Samoa. They produce around 40,000 eggs a day and they sell 80 per cent of the eggs in Samoa and export the rest to New Zealand, which is six days away by boat.



# एशिया क्षेत्रीय बाख्रा विज्ञ सम्मेलन

काठमाडौं असोज ५ गते कृषि तथा वन विज्ञान विश्वविद्यालय पशु विज्ञान पशु चिकित्सा तथा मत्स्या विज्ञान संकाय रामपुर चितवनको आयोजनामा एशिया क्षेत्रीय बाख्रा विज्ञ सम्मेलन हुने भएकोछ ।

सम्मेलनको मुख्य उद्देश्य बताउने उद्देश्यले आयोजना गर्न कुरा ललितपुरस्थित हरिहर भवन पशुसेवा विभागमा पत्रकार सम्मेलन गरी गराइएको हो । त्यस्तो सम्मेलन सन् २०१७ बाट शुरु गरिएको हो । उक्त कुरा कृषि तथा वन विज्ञान अध्ययन संस्थानका कुलपति प्रा.डा.शारदा थपलियाले बताउनु भएको हो । प्रा.डा.शारदा थपलियाले ४ वर्षदेखि पहिचान तथा किटान गरेको एक-एक वस्तमा विगतमा पनि गर्दै आएको र यसपाली बाख्राको गर्न लागेको बताउनु भयो । ४ वर्षदेखि एक-एक वस्तुमा किटान गरेको वस्तुमा बाख्राको विज्ञ सम्मेलन हाम्रो देशको लागि महत्वपूर्ण हुने बताउनु भयो । बाख्रा एशियाकै महत्वपूर्ण कमोडिटीको रुपमा रहेकाले अझ सम्मेलनको महत्व बढ्ने बताउनु भयो ।

थपलियाले भन्नु भयो "विगतमा भएको सम्मेलनले फाइदा गर्‍यो ।" निरन्तरता मात्र हो कि भन्ने प्रश्नमा एशियन वफेल्लो सम्मेलन गरेकामा केही रोडम्याप तयार गर्न सहज भएको बताए । पशु सेवा विभागका महानिर्देशक डा.वंशी शर्माले नेपालमा गाईको व्यवस्थापन गर्न समस्या आएकोले भैंसीलाईनै व्यवस्थापन गर्न गईरहेको बताए ।

बाख्रा विज्ञ सम्मेलनका सदस्य सचिव डा.निरञ्जन भट्टराईले सम्मेलनमा सरोकार वाला बीचनै कमिटी गठन गरेको बताए । भैंसी विज्ञको सम्मेलन पश्चात भैंसी अनुसन्धान केन्द्रको स्थापना गरेका छौं । परियोजना सञ्चालन गर्न सजिलो भएको छ । नेपालमा बाख्रा पालनमा १५ औं देशमा पर्छ । भैंसीलाई कालो सुन भनिन्छ । ५० प्रतिशत मासु खपत हुन्छ । पशुसेवा विभागले २० वर्षदेखि काम गरेको छ । दुध दिने भैंसी र मासु खाने भैंसी ७० प्रतिशत दुध र ३० प्रतिशत मासु प्राप्त हुन्छ । शर्माले भन्नु भयो हामी पोल्ट्रीमा आत्मानिर्भर छौं । ४० लाख अण्डा अर्थात ६० प्रतिशत अण्डा काठमाडौंमा खपत हुन्छ । ग्राण्डी बाख्रामा विश्वको १० औं स्थानमा पर्छ । १ करोड २८ लाख खसीको मासुको माग बढ्ने चिन्ता छ ।

राष्ट्रिय समाचार समितिका वरिष्ठ पत्रकार राजाराम कार्कीले बाख्रापालनको ईतिहास बचाउन र एकेडेमिक सम्मेलन जस्तो छ भन्ने प्रश्नमा बाख्रा पालकहरू छन् उनीहरूलाई बोलाउँदा के हुन्छ ?

हामीले वर्षमा १ करोड २८ लाख अर्थात ३३ लाख खसी बोका सेवन गर्छौं । त्यसको ६ लाख काठमाडौं मै खपत हुन्छ । ८० लाख भ्याक्सिन दिन्छौं । सहज आपूर्तिमा कुनै पनि व्यवस्थापन छैन । कानपुरबाट सोझै ल्याउन सकिन्छ तर, त्यस्तो नहोस् भनेर पहिलो प्राथमिकता नेपालकै हुनेछ । व्यवसायिक रुपमा पर्नसक्छ । अब सरकारले पस्मिना र मासु खाने च्याङ्ग्रा, भेडा पालन इनोभेशन परियोजनाबाट गर्न लागिरहेको छ ।

हेफर इन्टरनेशनलका निर्देशक शुकनारायण महत्तोले विश्वविद्यालयमा पढेका विद्यार्थीहरूलाई किसानकहाँ व्यवहारिक रुपमा सिकाई र उत्पादनमा लागि पठाउन लागिरहेका छौं ।

पहिले खसी बोकाहरू धेरैजसो भारतबाट आउँथ्यो । अहिले संकलन गरेर ल्याउँदा मूल्य




के कस्तो समस्या आउन सक्छ ? पीकप आवर घटस्थापनाको दिनबाटै थाहा हुन्छ । १५ देखि २० मेट्रिक टन जिउँदो सहित ९ हजार मेट्रिक टन विदेशबाट आउँछ । डिडिसीले ८ हजार लिटर दही, नीजि क्षेत्रले ६ हजार लिटर र प्रति केजी ३ सयका दरमा ८ हजार च्याङ्ग्राको व्यवस्थापन गरिनेछ । एकैचोटी ल्याउँदा राख्ने ठाउँछैन । काठमाडौं उपत्यकाको लागि चारपाँच हजार ल्याएर राख्न सकेको भए राम्रो हुन्थ्यो । तर, पनि पब्लिक र प्राइभेट रुपमा पनि समस्याको समाधान गर्न सक्छ र मासु र दुधमा कुनै समस्या आउँदैन । नेपालको उत्पादनले ७ महिना धानेको छ ।

क्वारेन्टाइन कडाई छ । यदि गैह्र-कानूनी रुपमा आएमा गाडी समेत लिलाम हुने व्यवस्था छ । गत सालमा पनि ९० प्रतिशतले प्रकृया पुर्‍याएर ल्याइएको हो । मासु, दुधमा पनि स्वास्थ आत्मनिर्भर र प्रतिस्पर्धी बन्दै गएको छ ।

मासुको मूल्य अधिकतम् बढ्ने छ कि भन्ने प्रश्नमा ? दूरीको हिसाबले ७-८ सय रुपैयाँ बढ्न सक्छ । सप्लाई चेनलाई कसरी व्यवस्थापन गर्ने भनि हामी लागिरहेका छौं । अर्को साल बाहिरबाट ल्याउन दिनु हुन्न । हामीसँग अहिले पनि ५० लाख ५ हजार किसान छन् । १३६ वटा सहकारीबाट काठमाडौं बजारमा ल्याउने छन् । बरु संकलन गर्ने निकायहरूको कमी छ । ती मध्येबाट २० हजार आउनेछ ।

सिधै कानपुरबाट ल्याउन सजिलो छ तर हुम्ला, जुम्ला, जाजरकोटबाट ल्याउन त्यति सजिलो छैन । तर पनि आत्मनिर्भर हुनु पर्छ भनेर हामी लागिरहेका छौं । पैठारी-निकासी नियम भनेको खुकुलो र बलियो हुँदैन । बजार अनुगमनका लागि पशु सेवा विभाग र वाणिज्य विभाग सक्रिय रहन्छ । हाम्रो देश कृषि प्रधान देश हो । कृषि नै हाम्रो समृद्धि छ ।

पत्रकार सम्मेलन राष्ट्रिय पशु चिकित्क कार्यालयका प्रमुख डा.नम्रता सिंह, टिकादेव भट्टले पत्रकारहरूबाट सोधिएको प्रश्नको उत्तर दिनु भएका थिए ।

# वहुसंख्यक भूमिहीन, सिमान्कृत र साना किसानहरूको अर्थतन्त्र, जीवकोपाजर्न

## प्रेस विज्ञाप्ति



मिति २०७६/०६/०५

गरीबको गाई र जीवित बैंक-चेकको रुपमा परिचित बाखाले नेपाल ग्रामीण भेकका वहुसंख्यक भूमिहीन, सिमान्कृत र साना किसानहरूको अर्थतन्त्र, जीवकोपाजर्न र पारिवारिक पोषणमा वहुआयामिक भूमिका खेलेको छ। नेपालको कूल मासु उत्पादनको करिब २० प्रतिशत हिस्सा बाखाले ओगटेको छ। जुन भैंसीको (करिब ५०.% प्रतिशत तुलनामा दास्रो हुन आउँछ। पशु सेवा विभागको २०७५ को तथ्याङ्क अनुसार नेपालको चौपाया पशुहरूको कुल संख्यामध्ये बाखाको सबैभन्दा बढी करिब १ करोड १६ लाख रहेको अनुमान छ। विश्वमा करिब ३५१ जातका बाखाहरू पाइन्छन्।। विश्वको कुल बाखको संख्याको करिब ९२.५ प्रतिशत एशिया र अफ्रीका महादेशमा मात्र रहेको पाइन्छ। विश्व व्यापी बाखापालनको तथ्याङ्क हेर्दा संख्याको आधारमा नेपाल विश्वमा दशौं स्थानमा छ भने यसको छिमेकी मित्रराष्ट्रहरू चीन र भारत क्रमश: पहिलो र दोस्रो स्थानमा छन्।

व्यापार तथा निर्यात प्रर्वद्धन केन्द्रको २०७४/०७५ को तथ्याङ्क अनुसार नेपालले गत वर्ष मात्रै भारत, मलेसिया, इटाली, फ्रान्स, अष्ट्रेलिया, पोल्याण्ड जर्मनी लगायत देशहरूबाट करिब ५ अर्व बराबरको जीवित पशु (बाखा) र मासु आयत् गरि स्वादेशी मुद्रा बाहिरीरहेको देखिन्छ। जसमध्ये रु. ३ अर्ब २९ करोड बराबरको जीवित बाखा, रु.१८ करोड बराबरको मासु रु.१ अर्ब ८३ करोड बराबरको माछा आयत् गरेको तथ्याङ्क छ।

नेपालमा व्यवसायिक बाखा पालनको अत्यन्तै प्रचुर सम्भावना भए पनि परम्परगत पालन प्रणाली, बाखा विशेष दानाको उत्पादन नहुनु, उन्नत घाँस खेतीको लागि उपयुक्त बिउविजनको सहज उपलब्धता नहुनु, साना र कम उत्पादनशील जातहरू मात्रै उपलब्ध हुनु, अवैज्ञानिक प्रजनन प्रणाली, लगानीको स्रोत र प्राविधिक स्रोतमा कृषहहरूको कम्जोर पहुँच आदि समस्याहरू

*नविनतम् प्रविधिमा सिमान्तकृत र साना कृषकहरूको पहुँच वृद्धि, मूल्य श्रृँखला विकास र मूल्य अभिवृद्धि, उत्पादन विविधिकरण र दिगो बजार व्यवस्थापनको सुनिस्चितता सहित देश भित्रै बाखाको उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गरी सबै सरकोकारवालाहरू मिलि आयत् प्रतिस्थापनमा जोड दिन सकेमात्र नेपाल हामीले सोचे अनुरुप मासु र तत्जन्य पदार्थको उत्पादनमा आत्मनिर्भर हुनेछ।*

छन्। आफ्नो रैथानी जातहरूको उचित संरक्षण र पर्वर्द्धन गर्दै आनुधिक, वैज्ञानिक र व्यवसायिक बाखा पालन, नश्ल सुधार, प्राविधिक क्षमता अभिवृद्धि, नविनतम् प्रविधिमा सिमान्तकृत र साना कृषकहरूको पहुँच वृद्धि, मूल्य श्रृँखला विकास र मूल्य अभिवृद्धि, उत्पादन विविधिकरण र दिगो बजार व्यवस्थापनको सुनिस्चितता सहित देश भित्रै बाखाको उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गरी सबै सरकोकारवालाहरू मिलि आयत् प्रतिस्थापनमा जोड दिन सकेमात्र नेपाल हामीले सोचे अनुरुप मासु र तत्जन्य पदार्थको उत्पादनमा आत्मनिर्भर हुनेछ।

यिनै तथ्याहरूलाई हृदयंगम गर्दै कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय, रामपुर, चितवनको मूल आयोजनामा ईन्टरनेशनल गोट एशोशियसन, अमेरिकासँगको सहकार्यमा तथा नेपाल सरकार, पशुपन्छी विकास मनत्रलय, पशु सेवा विभाग, हेफर इन्टरनेशनल नेपाल, नेपाल कृषि अनुसन्धान परिषद्: विश्व विद्यालय अनुदान आयोग, मिचिगन स्टेट युनिभर्सिटी, अमेररिका, र भारतीय कृषि अनुसन्धान परिषद् अन्तर्गत केन्द्रीय बाखा अनुसन्धान संस्थानको सह-आयोजनामा यही २०७६ कार्तिक ३ देखि ६ गते (तदनुसार २०१९ अक्टोबर २० देखि २३) सम्म नेपाली ग्रामीण अर्थतन्त्रमा अत्यन्तै महत्वपूर्ण योगदान दिने बाखा पालन व्यवसाय र सो क्षेत्रमा कार्य गरिरहेको अनुसन्धाता वैज्ञानिकहरू सम्मिलित **एशिया क्षेत्रीय बाखा विज्ञाहरूको सम्मेलन २०७६** (Asian Regional Confernce on Goats- ARCG2019) कृषि तथा वन विज्ञान विश्वविद्यलय, रामपुर, चितवनको वहुउद्देश्यीय सभाहलमा सम्पन्न हुने गैरहेको छ।

यस सम्मेलनले बाखा जस्तो अति महत्वपूर्ण क्षेत्रमा यसको उत्पादन, उत्पादकत्व एवं गुणस्तर वृद्धिको लागि विधि प्रविधियुक्त आधुनिक खोजमूलक जानकारीको सम्प्रेशण गर्न राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा यस क्षेत्रमा कार्यरत बैज्ञानिक, अनुसन्धान निकायहरू, विश्व विद्यालयहरू एवं सरकार र गैह्र-सरकारी संघ-संस्थाहरूको विचारगत वृहत सञ्जाल र सहकार्यको विस्तार गर्दै कृषि तथा वन विज्ञान विश्व विद्यायका, रामपुरलाई भविष्यमा वैज्ञानिक बाखा पालनको एउटा नमूना राष्ट्रिय अनुसन्धान तथा स्रोत केन्द्र बनाउने दीर्घकालीन उद्देश्य लिएको छ।

**"विकासशील विश्वका खाद्य तथा पोषण सुरक्षाका लागि बाखापालन"** भन्ने मूल नाराका साथ सम्पन्न हुने सो सम्मेलनमा हालसम्म नेपाल भारत, पाकिस्तान, क्यूवा, संयुक्त राज्य अमेरिका, क्यनाडा, इटाली, जापान, हंगेरी, चीन इण्डोनेशिया बंगालादेश, फ्रान्स केन्य लागायत १४ देशका बाखा अनुसन्धान र विकासमा विशिष्ट योगदान पुऱ्याउन सफल वैज्ञानिक, अनुसन्धाता उद्यमी र विद्यार्थीहरूको सहभागीता हुने सुचिश्चित



# A major step forward in reducing food loss



**FAO report provides new estimates of food loss from post-harvest up to retail to help identify appropriate measures for an effective reduction**

Globally around 14 percent of the world's food is lost after harvesting and before reaching the retail level.

Farmers harvesting cabbages in Kabala Town, Koinadugu District, Sierra Leone.

**14 October 2019, Rome** - A new FAO report launched today by the UN Food and Agriculture Organization provides insights into how much food is lost - as well as where and why - at different stages of the food supply chain, calls for informed decisions for an effective reduction and offers new ways to measure progress.

This will not only help to achieve progress towards the important target of reducing food loss and waste, but could also contribute to a number of Sustainable Development Goals related to food security and environmental sustainability, the report states.

According to the State of Food and Agriculture 2019, globally around 14 percent of the world's food is lost after harvesting and before reaching the retail level, including through on-farm activities, storage and transportation. However, the food losses vary considerably from one region to another within the same commodity groups and supply chain stages.

The report highlights the need, and offers a new methodology, to measure carefully losses at each stage in the food supply chain. Doing so will help to identify critical loss points across the supply chain. These are points where food losses have the highest magnitude, the greatest impact on food security, and the largest economic dimensions, as well as to identify the appropriate measures for their reduction.

It also points to the importance of

*In lower-income countries, more fresh fruit and vegetable loss is attributed to poor infrastructure than in industrialized countries. In fact, many lower-income countries lose significant amounts of food during storage, often due to poor storage facilities, including refrigerated warehouses.*

reducing food waste, which occurs at the retail and consumption level and is linked to limited shelf life and consumer behaviour, such as demanding food products that meet aesthetic standards, and limited incentive to avoid food waste.

"As we strive to make progress towards reducing food loss and waste, we can only be truly effective if our efforts are informed by a solid understanding of the problem," said FAO Director-General Qu Dongyu in the foreword to the report. He questioned, "how we can allow food to be thrown away when more than 820 million people in the world continue to go hungry every day".

**Identifying critical loss points for targeted action**

Evidence presented in the report shows a vast range in terms of loss and waste percentages within commodities, supply chain stages and regions, suggesting there is a considerable potential for reduction where percentages are higher.

Losses and waste are generally higher for fruits and vegetables than for cereals and pulses at all stages in the food supply chain, with the exception of on-farm losses and those during transportation in Eastern and South-Eastern Asia.

In lower-income countries, more fresh fruit and vegetable loss is attributed to poor infrastructure than in industrialized countries. In fact, many lower-income countries lose significant amounts of food during storage, often due to poor storage facilities, including refrigerated warehouses.

Despite the fact that that in most high-income countries adequate storage facilities, including refrigerated warehouses, are available throughout the supply chain, losses do occur during storage, generally because of a technical breakdown, poor management of temperature, humidity or overstocking.

The report also reveals the results from a number of case studies conducted by FAO for identifying critical loss points. Results indicate that harvesting is the most frequently identified critical loss point for all types of food. Inadequate storage facilities and poor handling practices were also named among the main causes of

बुझेका छौं यही दिशामा रहेर सरकार लगायत सम्बन्धित निकायमा सम्पर्क समन्वय गर्दै "किसानका समस्या सरकारसम्म र सरकारका सूचना किसानसम्म" भन्ने नारालाई शिरोधार्य गर्दै अगाडि बढेका छौ । महासंघ किसान र सरकार बिचको पुलको रुपमा काम गर्ने किसान अधिकार प्रति समर्पित नागरिक संगठन हो । त्यसैले महासंघ आफ्नो लक्ष्य उद्देश्य र रणनीति अनुसार किसानका पीडालाई सवाल केन्द्रित गर्दै सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ । २०६८ मा महासंघको स्थापना पश्चात हामीले किसानले वेदना गरेको तर सरकार समक्ष पुग्न नसकेका थुप्रै सवालहरू उठान गरेका छौं । छलफल र वहस गरेका छौं । ध्यानाकर्षण गरेका छौं । अपिल गरेका छौं । सवाल सम्वोधनका लागि आफ्ना राय सल्लाह सुझाव पेश गरेको छौं । यो हाम्रो धर्म हो । कर्म पनि हो । जहाँसम्म यहाँले सम्वोधनको कुरा गर्नु भएको छ । स्थापना पश्चात उठाएका मुद्दामा संवैधानिक नभए पनि किसान आयोग बन्यो बाली र पशु विमाको सवालमा १७ वटा निर्जीवन विमा कम्पनी मार्फत देशका ७७ वटै जिल्लाहरूमा बाली र पशु विमा गर्ने विमा कम्पनी तोकी विमा गर्ने कार्यको शुरुवात् भयो । विमा गर्दा किसानले विमाङ्क शुल्क ५०% र सरकार ५०% भन्ने भएकोमा किसानलाई मार परेको सवालगत पैरवीबाट किसान २५% र सरकार ७५% लागु भयो । किसानहरूलाई कृषि ऋणको व्याज अनुदानको सवालमा ५% व्याजदरमा कृषि ऋणको व्यवस्था भयो । "किसानहरूको पहिचान, वर्गीकरण, परिचय पत्र, विवरण र सामाजिक सुरक्षाको सवालमा पैरवी गर्दा हाल ७ जिल्लामा परिचय पत्र वितरणको लागि वजेट व्यवस्था भई कार्यविधि निर्माणको तहमा पुगेको छ । उदयपुर जिल्लाको बेलका नगर पालिकाले आफ्नो स्थानीय कृषि ऐन निर्माण गरि महासंघको सहयोगमा किसान परिचय पत्र, वितरण गरि वर्गिकरणको आधारमा सेवा सुविधा उपलव्ध गराउने अन्तिम तयारी गरि सकेको छ । बाँझो जमीनको उपयोगका लागि नीतिगत तहमा प्रभाव पार्न सिरहा जिल्लाको भगवान्पुर गा.पा.मा शुरुवात गरेको जग्गा भाडामा लिई खेती गर्ने नमूनालाई सिकाईको आधार मान्दै सरकारले जग्गा भाडामा लिई खेती गर्ने कार्यविधि जारी गरि कार्यान्वयन गरेको छ । हाल देशभर कार्यान्वयन हुँदैछ । भू-उपयोग नीति २०७५ पारित गरि खेती योग्य जमीनको सुरक्षा गर्ने कुरा गरेको छ । जग्गा उपयोगको किटानी गरेको छ । एक गाउँपालिका एक प्राविधिकको व्यवस्था एक पटक झण्डै पुरा गऱ्यो । अहिले फेरी लथालिङ्ग अवस्थामा छ । आ.व. २०७४/२०७५ मा स्थानीय तहमा निशर्त विनियोजित वजेट उपर भएको पैरवीबाट आ.व. २०७५/७६ बाट सशर्त विनियोजन भएको छ । बाँदरद्वारा कृषि वालीमा पुऱ्याएको क्षतिको क्षतिपूर्ति उपर पैरवी गर्दै सम्मानित सर्वोच्च अदालतमा दायर मुद्दाको सम्मानित सर्वोच्च अदालतबाट किसानको पक्षमा परमादेश जारी भएको छ । कार्यान्वयनका लागि थप पैरवी अगाडी बढीरहेको छ । किसानको उत्पादनको समर्थन मूल्य निर्धारण गरी कार्यन्वयनको माग गरी पैरवी गरिएकोमा धान, गहुँ, कोदो, मकै, कफी जस्ता उत्पादनको मुल्य निर्धारण भएको छ । समग्रमा भन्नु पर्दा महासंघले उठान गरेका सवालहरूको सम्वोधन नभएको जस्तो लाग्दैन । तर, प्रयाप्त भने छैन । साना किसानका सवालहरू थुप्रै छन् । सम्वोधन भएका भनिएका सवालहरूको सम्वोधन पनि पूर्ण छैन । सिमान्तकृत, भूमिहिन, महिला र साना किसानहरूले गर्व गर्ने ठाउँ बनेको छैन । जबसम्म सिमान्तकृत, भूमिहिन, महिला र साना किसानको सहभागीतामा उनीहरूको लागि व्यवहारिक नीति तयार भई कार्यन्वयनमा आउँदैन र उनीहरूले खुशीको महशुस गर्दैनन् तबसम्म सम्वोधन अधुरो नै हुनेछ र समृद्धिको नारा पनि नारामा नै सीमित हुने छ ।

**राष्ट्रिय कृषक समुह महासघं नेपालको भावी कार्यदिशा कस्तो बन्दै छ ? बताई दिनु हुन्छ की ?**

१) अभियानका लागि पैरवी योजना निर्माण र कार्यान्वयनका समिति निर्माण गरि कार्य सञ्चालन गर्ने ।
२) देश व्यापी रुपमा अभियन्ता तथा प्रसारकर्ताको विकास गरी असल अभ्यासलाई विस्तार गर्ने ।
३) किसान र कृषिका क्षेत्रमा कार्यरत सरकारी एवं गैह्र-सरकारी संघ-संस्थाहरूसँग सम्पर्क समन्वय र सहकार्यमा जोड ।
४) उद्देश्य मिल्ने संस्था र नागरिक संगठनहरूसँगको सहयात्रा, ऐक्यवद्धताका साथ पैरवीको मुद्दा उठान र व्यवस्थापन ।
५) सञ्चार माध्यमहरू बिचको समन्वय, सहकार्य र सहभागीता ।
६) कम खर्चबाट कार्य सम्पन्न (समुदायमा आधारित भेटघाट, छलफल, बैठक, गोष्ठी, तालिम)
७) तहगत संरचना, तहगत स्रोत, तहगत अभियान सिमान्त, भूमिहिन, सिमान्तकृत, महिला र साना किसानको सहभागीता ।
८) तहगत संरचना स्वयत्त र समान, तेर्सो संरचना, एक अर्का बिच सम्मान ।
९) संगठनले संगठन निर्माण र परिचालन ।

**अन्य केही छुटेको विषय बस्तु छन भने वताई दिनुहोस् ।**

किसान र कृषिको कुरा गरेर त कहिलै सकिन्न । बाँकी कुरा फेरि गरौंला । अन्त्यमा तपाई र तपाईको कृषि जर्नल पत्रिकालाई धन्यवाद व्यक्त गर्दछु । सफलताको शुभकामना व्यक्त गर्दछु ।

## कृषि प्राविधिकहरूले घेरे प्रमुख पार्टी कार्यालयहरू

काठमाडौं/असोज ७ कृषि विभाग अन्तर्गत पशु सेवा विभाग अन्तर्गत २०७२ सालदेखी एक गाउँ एक प्राविधिक रूपमा करारमा कार्यर त ३ हजार कृषि तथा पशु सेवा प्राविधिकलाई



अर्थ मन्त्रालयले २०७६/५/२९ गतेको निर्णय गरेर हटाइएपछी । त्यो निर्णय खारेजको माग गर्दै सरकार पक्षको नेपाल कम्युनिस्ट पार्टी कार्यालय धुम्बराहीमा ११ बजेदेखी १ बजेसम्म शान्तिपूर्ण धर्ना गरेका थिए । त्यसैगरि प्रमुख प्रतिपक्षी नेपाल काग्रेस केन्द्रीय पार्टी कार्यालय सानेपामा २ बजेदेखी ३:३० बजेसम्म शान्तिपुर्ण धर्ना कार्यक्रम गरेको थिए । साथै करारमा कार्यरत प्राविधिकहरूलाई हटाए पछी सरकार पक्ष र प्रमुख प्रतिपक्ष पार्टी कार्यालयमा डेढघन्टा शान्तिपुर्ण धर्ना गरेका थिए । त्यहाँ पनि ४ बजेदेखी थापाथलीदेखी माइतीघर मण्डलासम्म ऱ्याली सहित एक तर्फ सडक जाम गरेर विरोध गरेको थिए । कृषि प्राविधिकले सरकारले हटाएसँगै असोज ५ गतेदेखी आन्दोलन गर्दै आइरहेका थिए । लगातार ३ दिनदेखि विभिन्न किसिमको शान्ति पुर्ण आन्दोलन गर्दा पनि अहिलेसम्म कुनै निचोड आउन सकेको छैन । यो शान्तिपुर्ण आन्दोलनको सरकारले सुनुवाइ नगरे कडा आन्दोलनको घोषण गरिने नेपाल कृषि तथा पशु सेवा प्राविधिक हकहित संरक्षण समितिका सदस्य धिरेन्द्र बस्नेतले जानकारी दिएका छन ।



भैसेकेको छ । सम्मेलनमा खाद्य तथा पोषणको स्रोत । बाख्रा, बाख्रा उत्पादनको नीति, सामाजिक आर्थिक तथा मूल्य श्रृँखला विकास, बाख्राको आहार, पोषण तथा वासस्थन व्यवस्थापन, अनुवंशिकी प्रजजन् तथा जैविक प्रविधि व्यवस्थापन, स्वास्थ्य व्यवस्थापन तथा रोग नियन्त्रण, बाख्रा जन्य उत्पादनको प्रशोधन प्रविधि विकास सम्बन्धित विद्याहरूलाई समेतेर करिब ४३ वटा विशेषाज्ञ कार्यपत्र, १४ वटा आमन्त्रित (Invited keynotes) , ३८ बढी मौखिक (Oral) र ४२ बढी पोष्टरहरू गरि जम्मा १०७ भन्दा बढी वैज्ञानिक कार्यपत्रहरू प्रस्तुत हुनेछन् । कार्यपत्र प्रस्तुतिका अलावा उक्त सम्मेलनमा बाख्रा पालन व्यवसायको विश्व व्यापी चुनौंतीको रुपमा रहेको पिपिआर रोग र त्यसको नियन्त्रण, बाख्रा पालन र भ्याक्सिन व्यवसायमा महिला सहभागीता जस्तो विभिन्न जल्दाबल्दा समसामयिक विषयहरूमा विभिन्न देशका विज्ञहरू बीच प्यानल छलफल (Panel discussion) हुने छ ।

बाख्रा अनुसन्धान र विकास केन्द्रीत यस किसिमको विशिष्ट अन्तर्राष्ट्रिय स्तरको सम्मेलनमा अमेरिकाबाट इन्टरनेशनल गोट एशोशिएसनको अध्यक्ष डा.वेथ मिलर, उपाध्याक्ष लुलिया सेपे, अगामी वर्ष हंगेरीमा सम्पन्न हुने अन्तर्राष्ट्रिय बाख्रा विज्ञहरूको सम्मेलन २०२० आयोजना समितिको अध्यक्ष डा.साण्डोर, कुकोभिक्स, चीनको हेवेइ कृषि विश्वविद्यालयका, पशु विज्ञान तथा प्रविधि कलेजका डीन प्रा.डा. यिङ्जी झाङ्ग, जापानस्थिति मिलामिजो विश्व विद्यालयका प्रा.डा. योशिहाकी हायासी लगायत विश्वको ख्याति प्राप्त शैक्षिक तथा अनुसन्धान प्रतिष्ठानका विशिष्ट वैज्ञानिक, प्राज्ञ र विद्यार्थीहरू सहित १५ देशका करिब ३०० जनाको सहभागीता रहनेछ ।

अन्त्यमा यस संकायको नेतृत्वमा सन् २०१७ मा आयोजित अन्तर्राष्ट्रिय भैंसी विज्ञहरूको सम्मेलन र २०१८ मा आयोजित अन्तर्राष्ट्रिय पोल्ट्री सम्मेलनको अभुतपूर्व सफलताको लागि समग्र सञ्चार जगत र सम्पूर्ण सञ्चारकर्मी मित्रहरूले पुऱ्याउनु भएको योगदान प्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली साना किसानहरूको आर्यआर्जनको अमूल्य साधनको रुपमा रहेको बाख्रा सम्बन्धी अनुसन्धान र विकासमा विशेष टेवा पुऱ्याउने उद्देश्यले आयोजना हुने गैरहेको यस एशिया क्षेत्रीय बाख्रा विज्ञहरूको सम्मेलनको सफलताको लागि पनि यहाँहरूको सम्पूर्णको साथ, सद्भाव र सहयोगको अपेक्षा राख्दछौं ।

# सबै कार्यक्रम संघले मात्र गर्न सक्दैन

काठमाडौं असोज ५ गते फ्लोरिकल्चर एशोसियसन नेपालको २७ वार्षिक साधारण सभा बानेश्वरस्थित ईन्द्रेणी फाष्टफुडमा कृषि, पशुपन्छी विकास मन्त्रालयका सचिव डा.युवकध्वज जिसीको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

२७ औं वार्षिक साधारण सभाको प्रमुख अतिथि नेपाल सरकार कृषि, पशुपन्छी विकास मन्त्रालयका सचिव डा.युवकध्वज जिसीले फूल नेपालको महत्वपुर्ण क्षेत्र बन्दै गएको उल्लेख गर्दै फूलको क्षेत्रमा आत्मनिर्भर बन्दै गएको बताउनु भयो । २०७३ सालमा कार्यविधि बने पछि कार्यन्वयनमा आएको बताउँदै, कार्यन्वयनमा जान कठिनाईको भयो क ? नेपालमा पुष्पखेती गानो खेती गर्न सकिन्छ । नेपालबाट कल्याण घिमिरेले आफ्नै पहलमा हामीले गर्न नसकेको काम गरेका छन् । हप्तामा ८ मेट्रिक टन तरकारी फलफूल कटार पुऱ्याउँछन् । नेपालको संविधानको आर्टिकल ५ र ६ आएपछि प्याक्टको अवधारणा आएको बताउँदै व्यवसायिक कृषकहरूलाई अनुदान दिने व्यवस्था भएको बताउनु भयो । प्याक्ट व्यवसायिक कृषिलाई अघि बढाउने संस्था थियो । फूललाई व्यवसायिक रुपमा अघि बढाउन सकिन्छ । अहिले सबै संघीय मन्त्रालय मार्फत गर्न सक्दैन । कृषि तथा खाद्य आयोजना मिश्रीत किसिमको कार्यक्रम गर्न अवरोध गर्नु परेको छ भनेर नठान्नु होला । संघ र प्रदेशको जुन कोषबाट दिए पनि त्यही हो । अनुदान लिने र दिने पनि पारदर्शी हुनुपर्छ । अनुदान एक ठाउँको अर्को ठाउँमा र अर्को ठाउँको ५० प्रतिशत बैंक जमानी बसेर ऋण लिन सक्छ । ५० हजार पूँजी भए त्यो भन्दा राम्रो के हुन्छ ? किसान साथीहरू अहिले पनि गोरुले जोत्छन् । पुष्प व्यवसायीहरूलाई अनुदान नदिनुस् भनेको छैन । कर्मचारीको समस्या छ । काम गर्ने दक्ष कर्मचारीको अभाव छ । ४० लाखको डोजर किन्नु हुन्छ भने मेरो केही लाग्दैन । कृषिमै लानु पर्छ भनेर जोड दिएको छु । २२ देखि ४० अर्ब कपडाको खर्चमा जान्छ । कृषिमा काम गर्दा-गर्दै नभएको हो । जनताको चेतनासँग जोडिएको छ । हामीले अझै गर्न धेरै बाँकी छ । ६५ देखि ७० लाख मेट्रिक टन धान भए पुग्छ । ७० लाख मेट्रिक टन पुऱ्याउने आंकडा छ । हामीसँग जात, प्रविधि, सिराह, सप्तरी जस्तो सिँचाई हुने हो भने अहिलेको अहिलै पुग्छ । यो तथ्याङ्कसँग सिँचाई र अर्थ मन्त्रालय पनि जोडिएको छ । गाउँ र नगरपालिकामा कृषिको वजेट किन पुगेन ? प्रत्येक नगर र गाउँपालिकालाई ४० लाख दिएको छ । वजेट पाउने निकायमा माग्न आउने संघीय सरकारमा ७ वटै प्रदेशमा गोदावरी जस्तै पुष्प विकास केन्द्रहरूको स्थापना गर्नु जरुरी छ ।

पुष्प व्यवसायी संघका अध्यक्ष कुमार कशजु श्रेष्ठले समृद्ध नेपाल भएर मात्र हुँदैन खुशी हुनका लागि मनोरञ्जनको साधनको पनि आवश्यकता पर्छ । सरकारले बगैंचा निर्माण, प्रवर्द्धनात्मक कार्यक्रमहरू चलाउनु पर्छ । हामी सरकारसँग सहकार्य गर्न चाहन्छौं । संघीय सरकारले नीति निर्माण र अनुसन्धनात्मक सहभागी गराउनु पर्छ । अझै उत्पादन गर्ने वातावरण बनेको छैन । भाडामा लिएको जमिन ५ वर्षको लागि भन्दा बढी हुँदैन । लामो समयसम्म काम गर्न वातावरण बन्नु पर्छ । उत्पादन गरिएका फूलहरू काटेर फाल्नु परेको अवस्था छ । राम्रो फूलहरू उत्पादन गर्ने सक्दैन भन्ने छ । २ करोड कालो टोपी ३ करोडले लगाउँदा कसो होला ? पुष्प व्यवसाय २७ वर्ष पुगेपनि आत्मनिर्भर बन्न नसक्दा सरकारसँग गुहार्नु परेको छ ।

कुल बजेटको ८० प्रतिशत लगानी गऱ्यौं । प्रविधिमैत्री वातावरणमा हामीले पनि सिक्नुपर्छ भनेर भनिरहेको अवस्थामा ७ सय व्यवसायीको जन्म भएको छ । पुष्प व्यवसायलाई सरकारले ६ महिना अघि विलासिताको श्रेणीमा राखेको छ । ऋण लिएवापत पनि भ्याट बुझाउनु नपर्ने व्यवस्था गर्नु जरुरी छ ।

३ नं प्रदेश तथा कृषि, सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्र ललितपुरका प्रमुख निर्मल गदालले कृषि भूमि मन्त्रालयबाट फूल व्यवसाय गर्नेहरूका लागि ७० प्रतिशत अनुदान र लगानी छुट्याएको बताउनु भएको छ । १ हजार स्क्वायर मिटरमा ७० लाख बजेट अनुदान छुट्याएको छ ।

पुष्प विकास केन्द्र गोदावरीका प्रमुख सुधीर श्रेष्ठले पुष्प विकास केन्द्र जस्तै ७७ वटै जिल्लामा संघीय संरचना अनुसार पुष्प विकास केन्द्रथप्नु पर्ने बताउनु भयो ।

घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष श्यामप्रसाद गिरीले व्यवसायलाई ग्रामीण क्षेत्रमा किसानसम्म पुऱ्याउनु पर्ने बताउँदै चाडविशेष दशैं-तिहार आउँछ सुनको व्यवसायी पनि फूल किन्न अघि बढेको बताउनु भयो ।

साथै उहाँले एरोमेटिक मेडिसिनल प्लान्टहरूको सम्भावना बढ्दै गएको छ । त्यसबाट अरु सामाग्री प्रशोधन गरि थप आर्थिक आर्जन गर्न सक्ने वातावरण बन्ने बताउनु भयो । वाणिज्य बैंकहरूबाट ५, कृषि विकास बैंकहरूबाट ३.५ प्रतिशतमा कर्जा लिने व्यवस्था गर्न सके पुष्प व्यवसाय फस्टाउने दावी गर्नु भयो ।

# माछामासुको अभाव हुँदैन : मन्त्री खनाल

काठमाडौं असोज ८

यो वर्षको दशै तिहारमा मासु र मासुजन्य पदार्थको अभाव नहुने भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रमुख चाडपर्व लक्षित पशुपन्छी र पशुजन्य पदार्थको आपूर्ति



योजना बनाएर लागू गरेका कारण माछामासुको अभाव नहुने भएको हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्री चक्रपाणी खनालले निरोगिताको प्रमाण पत्रबिना खसी-बोका आयात्मा प्रतिवन्ध लगाएपछि माछा-मासुको हाहाकार भयो भनेर केही सिमित विचौलियाहरुले भ्रम छर्ने कोशिस भएकोमा मन्त्री खनाल आफ्नो अडानबाट पछि नहटेपछि व्यवसायीहरुले नेपाली खसी/बोका/राँगा लगायतका पशुवस्तुलाई स्थानीय स्तरमा संकलन र बिक्री वितरणमा प्राथमिकता दिएको र आवश्यक प्रक्रिया पुऱ्याई निरोगिताको प्रमाणपत्र सहित छिमेकी मुलुकबाट आयात शुरु गरेकोले नेपालमा मासुका लागि आवश्यक खसीबोका लगायतका पशुवस्तुहरूको अभाव नहुने भएको हो ।

मन्त्रालयका अनुसार हाल उपत्यका तथा मुख्य शहरहरूमा खसीबोकाको औसत माग संख्या प्रतिदिन १८४० रहेकोमा २ हजार ३० वटा नेपाली बजारबाटै आपूर्ति भइरहेको छ । दशैको ७ दिन र अन्य चार्डको मुख्य दिन सहितको दश दिन काठमाडौं उपत्यका लगायत मुख्य शहरहरूको औसत माग प्रतिदिन ५००० पुग्ने अनुमान अनुसार वर्ष भरी मासुका लागि आवश्यक खसी/बोकाको संख्या करिब ५०,००० हुन आउने देखिन्छ । विगत वर्षहरूका तथ्याङ्क विश्लेषणबाट मुख्य चाडवाडको दश दिनमा आवश्यक माग ५,००० मध्य २५,०० खसी-बोका काठमाडौं उपत्यकामा मात्रै खपत हुने गरेको पशु सेवा विभागका महानिर्देशक डा वंशी शर्माले बताए । यस हिसाबले काठमाडौं उपत्यका लगायत मुख्य शहरहरूमा दशैंको ७ दिन र अन्य चाडको मुख्य दिनमा खसी, बोका र च्याङ्ग्राको कुल माग संख्या ५० हजार (२५ देखि ३० के.जी प्रति जनावर ज्यूँदो तौल) हुन्छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रमुख चाड लक्षित पशुपन्छी तथा पशुजन्य उत्पादनको आपूर्ति, गुणस्तर नियमन तथा बजार अनुगमन योजना, २०७६ अनुसार, 'हेफर इन्टरनेशनलसँग आवद्ध सहकारीमार्फत ५ हजार, बाख्रा व्यवसायी महासंघ मार्फत १३ हजार, खसी बोका व्यवसायीमार्फत १५ हजार, खाद्य संस्थानमार्फत २५,००, खसीबोका र संस्थान एवं व्यापारीमार्फत १० हजार ५ सय च्याङ्ग्रा र स्थानीय व्यापारी मार्फत पोखराका लागि ५ हजार च्याङ्ग्रा गरी कुल ५१ हजार खसी, बोका र च्याङ्ग्रा आपूर्ति गर्ने कार्य योजना बनाई लागू गरिएको महानिर्देशक शर्माको भनाई छ । यो संख्या मागभन्दा एक हजार बढी हो ।

यसअघि उपभोक्ताको स्वास्थ्यलाई ख्याल गरी र स्वदेशी उत्पादनलाई जोड दिँदै मन्त्री खनालले निरोगिताको प्रमााण पत्र बिना भारतबाट खसी-बोका आयातमा प्रतिवन्ध लगाएका थिए । जसका कारण भारतबाट खसी-बोका आयात ठप्प भएकोमा हालसालै नेपालमा भारतीय मत्स्यपालन, पशुपालन तथा डेरी मन्त्रालयबाट जारी निरोगिताको प्रमाणपत्र, क्वारेन्टाइन प्रमाणपत्र सहित खोप लागेका, ट्याग नम्बर सहितका खसी-बोकाहरू प्रक्रियागत रुपमा कर तिरि नेपाल भित्रिने क्रममा सुरुवात भएको पशु क्वारेन्टाइनका उप-महानिर्देशक सम्झनाकुमारी काफ्लेले जानकारी दिइन् । गत सोमबार मात्र यसरी १५० खसी-बोका कपिलवस्तु नाकाबाट बाकेको एम एस सप्लायर्सले भित्र्याएको काफ्लेको भनाई छ ।

त्यस्तै काठमाडौं उपत्यका, अन्य ठूला शहर र साना हाटवजारमा दैनिक दुई-दुई सयका दरले ६ सय राँगा-भैंसीको मासु खपत हुने गरेको छ । यो संख्या वार्षिक २ लाख १९ हजार हुन्छ । मन्त्रालयको तथ्याङ्क अनुसार त्यसमध्ये २ लाख ८ सय राँगा-भैसीको माग नेपालकै उत्पादनले धान्ने देखिएको छ ।

**अस्वभाविक मूल्य वृद्धि किन ?**

दशैं तिहार नजिकिएसँगै खसी-बोकाको मूल्य आकासिएको गुनासो उपभोक्ताले गरेका छन् । एक किलो खसीको मूल्य १३-१५ सयसम्म पुगेको गुनासो उपभोक्ताहरूको छ । भारतबाट खसी-बोका आयात् नभएको र चाडवाडले च्याप्दै लगेपछि व्यापारीहरूले मिलोमतोमा मूल्य वृद्धि गरेका छन् । तर, यसरी मूल्य वृद्धि गर्नुपर्ने जायज कारण र अवस्था नभएको पशु सेवा विभागका महानिर्देशक डा शर्मा बताउँछन् ।

महानिर्देशक शर्माका अनुसार व्यापारीले किसानबाट प्रतिकिलो जिउँदो खसी ३५०-४५० रुपैयाँमा खरिद गरी ढुवानी गरिएका खसी-बोका काठमाडौंमा ६००-६८० रुपैया प्रति केजीमा बिक्री वितरण भईरहेको सन्दर्भमा हाल उपभोक्ताले तिर्नु परेको तयारी मासुको मूल्य स्वभाविक र न्यायोचित देखिदैन । यस सन्दर्भमा उपभोक्तासम्म पुग्ने मासुको स्वस्थता र गुणस्तर नियमनका साथै प्रभावकारी बजार अनुगमनका लागि जनशक्ति सहित आवश्यक व्यवस्थापन गर्न मन्त्रालयका सचिव प्रकाश माथेमाले निर्देशन दिएको मन्त्रालयले जनाएको छ । बजार अनुगमन र नियमन गर्ने अधिकार आपूर्ति व्यवस्था विभागलाई भएकोमा मुल्यवृद्धि नियन्त्रण हुन सकेको देखिदैन ।



सुधार र मल मुत्र व्यवस्थापनका लागि दिनु पर्दछ । प्राङ्गारिक मलको गुणस्तरीय कारखाना खोली राज्यले सरल र सहुलियत रुपमा प्राङ्गारिक मल किसानहरूलाई उपलव्ध गराउनु पर्दछ ।

●सरकारले चक्लावन्दी खेतीका लागि भूगोलको आधारमा सम्भाव्यता अध्ययन गरि खेती गर्नेहरूको बिचमा कृषक समूह बनाई समूह खेती प्रणाली अपनाउनु पर्दछ । कृषक समूहहरूलाई कृषि उत्पादनका सहयोगीको रुपमा लिनु पर्दछ । उनीहरूलाई प्यान, भ्याट लिई कर तिर्न नपर्ने व्यवस्था गर्नु पर्दछ । विस्तारै उक्त समूहहरूलाई व्यवसायिक समूहमा विकास गरि फर्म बनाउन प्रोत्साहन गर्दै करको दायरा तर्फ लानु पर्दछ ।

●वडा-वडा तथा वस्ती तहका ५१ दिने तालिम लिई क्षमतावान् भएका र कृषि तथा पशुपंक्षीको क्षेत्रमा अध्ययन गरेकालाई कृषि स्वयंसेवक बनाई स्वयंसेवकको व्यवस्था गरेर किसानहरूमा ज्ञान, सीप र क्षमता अभिवृद्धि गरि उत्पादनमा टेवा पुऱ्याउनु पर्दछ ।

●जसको सवाल उसैको नेतृत्वलाई सार्थकता दिन कृषिका नीति नियम तथा कार्यक्रम निर्माण कार्यान्वयन र अनुगमन जस्ता विषयमा प्रत्यक्ष किसानहरूलाई सहभागी गराउनु पर्दछ । किसान अधिकार प्रति समर्पित कृषक समूहहरूको महासंघ जस्तो नागरिक सँगठनलाई स्रोतमा साझेदारीका साथ सहयोगीको रुपमा लिनु पर्दछ ।

**तपाईको विचारमा हाम्रो देश कृषिमा किन पछाडी पऱ्यो जस्तो लाग्छ ?**

हाम्रो देश नेपाल कृषिमा सम्भावना नै सम्भावना बोकेको देश हो । हाम्रो देशमा नेपालमा समग्र अन्य देशहरूमा पाइने हावापानी पाइन्छ । त्यस्तो विशेषता रहेको छ । कुरा विशेषताको होइन कुरा सोँचको हो । इजरायलमा ३% ले खेती गर्छन बाँकी ९७% प्रतिशतलाई समेत खान पुऱ्याई अन्य देशमा निर्यात गर्दछन् तर नेपालमा हामी ६५% प्रतिशतले खेती गर्दछौं, खान नपुगेर विदेशबाट अर्बौ अर्बको कृषि उत्पादन आयात् गर्दछौं । यो लजास्पद कुरा हो । हावापानी, माटो तथा भूगोललाई हेर्दा विश्वमा हुने कृषि उत्पादन नेपाल सिङ्गो एउटा देशमा हुन्छ । हाम्रो देश सोँचाईमा गरीब छ । नेपाली संस्कार लोभी-पापी र भ्रष्टचारमा लिप्त हुँदै अगाडी बढेको छ । राम्रो काम गर्नेको सम्मान छैन । ईमान जमान नभई सम्पत्तिको मुल्याङ्कन हुने गर्दछ । नीति तथा योजनाकारहरू सर्वमान्य हुन सकेका छैनन् । कहाँबाट आफूलाई फाइदा हुन्छ र कमिशन आउँछ त्यतैतिर योजना निर्माण गर्दछन् । तल परेको स्वरविहिन समुदायलाई ध्यान दिइन्न त्यो वर्ग भनेको कृषि कर्मबाट जीविका चलाएको किसान हो । किसान अन्नदाता हुन् जुन देशमा किसान वा अन्नदातालाई रुवाइन्छ, उनीहरूको मुहार हँसिलो हुँदैन त्यो देश पहाडि पर्छ । हाम्रो देश पनि त्यसरी नै पछाडि परेको हो ।

**सबैले नेपालको भूमि व्यवस्थाको कारण कृषि अगाडि बढेन भनिरहेका छन्, यहाँको विचारमा के लाग्छ ?**

भूमि प्राकृतिक स्रोत हो । प्रकृतिले दिएका स्रोत प्रकृतिमा रहने सबै व्यक्ति, प्राणीहरूको साझा सम्पत्ति हो । सबैको प्रकृतिमा रमाउने, घुम्ने, बाँच्ने, नाँच्ने, उपयोग गर्ने, उपभोग गर्ने, उत्पादन गर्ने अधिकार रहन्छ । नेपालको सन्दर्भमा कुरा गर्ने हो भने नेपालको संविधानले भूमिमाथीको पहुँचलाई मौलिक हकका रुपमा मान्यता दिएको भएता पनि जम्मा ५ प्रतिशत जनसंख्याको ३६ प्रतिशत कृषियोग्य भूमिमाथि नियन्त्रण रहेको छ । समग्र कृषिमा निर्भर नेपालका २६.१ प्रतिशत परिवारहरूसँग खेतीका लागि जमीन छैन । देशको कृषि पेशालाई थेग्दै आएका करीव ८० प्रतिशत महिला किसानहरूमा केवल १९.७१ प्रतिशत भूस्वामीत्व रहेको छ । दलित समुदायमा भूमिहिनताको समस्या चर्को छ । पहाडमा ३६.७ प्रतिशत र मधेशमा ४१.४ प्रतिशत दलितहरू भूमिहिन छन् । त्यसैले जो प्रत्यक्ष प्राकृतिक स्रोत भूमिमा सहभागी छ । उसको प्राकृतिक स्रोत भूमिमा पहुँच नहुने जो भूमिमा सहभागी छैन ठूलो हिस्सा ओगटेर बस्ने यस्तो अव्यवहारिक र अन्यायपूर्ण प्राकृतिक स्रोत भूमिको वितरणले कृषि अगाडि बढ्ने त कुरै भएन त्यसैले मैले अगाडि नै भनिसके खनि खोस्री गरि माटोमा नङ्ग्रा खियाउने किसान जमीनको मालिक नभएसम्म नेपालको कृषि उँभो लाग्दैन । यस कुरामा म पनि सहमत नै छु ।

**नेपाली कृषि पछि पर्नुमा के कुरा वाधक भएको छ ?**

नेपाली कृषि पछि पर्नुको कारण कृषि सम्बन्धी नीति नियम नेपाली किसानको अवस्था, क्षमता, नेपाली माटो तथा भूगोल सुहाउँदो नबन्नु । नेपाली कृषि र किसानको लागि बन्ने नीति तथा कार्यक्रममा नेपालीपन भन्दा पनि विदेशी नक्कल भक्कलले प्राथमिकता पाउनु । किसानहरूलाई नीति निर्माणमा सहभागी नगराइनु । नीति निर्माण गर्दा किसानलाई थाहा हुन्छ की जसरी छलफल, अन्तरक्रिया नै नगरी नीति नियम निर्माण गरि पास गर्नु र पास भए पश्चात पनि नीतिमा उल्लेख भएका कुरा किसानहरूलाई जानकारी नै नगराउनु । धुले किसानका नाममा झोले किसानले अनुदान प्राप्त गर्नु । कागजमा योजना खल्तीमा बजेट हुनु । सेवा सुविधा र अनुदान वितरण राम्रालाई नभई हाम्रालाई भन्ने प्रवृति नै नेपाली कृषि पछि पर्नुका वाधकका कारक हुन ।

**२० वर्षे दिर्घकालिन कृषि विकास रणनीति निर्माण भए पश्चात नेपालको कृषिमा परिवर्तन भएको महसुस गर्नु भएको छ ?**

२० वर्षे दिर्घकालिन कृषि विकास रणनीति विदेशी कन्सल्टेण्टहरूले निर्माण गर्दै थिए । नेपाली किसान संघ, संगठन र नागरिक समाजको ध्यानाकर्षण भयो र किसान संघ, संगठनहरूको समेत सहकार्यमा रणनीति बन्यो यो सकारात्मक कुरा हो । यो रणनीति अनुसार हाल राष्ट्रिय किसान आयोग गठन भयो । यो एउटा उपलब्धी हो । एकै ठाउँमा बसेर कृषि र किसानको क्षेत्रमा कार्यरत नागरिक संघ, संगठनहरु किसानको मुद्दा, सवालमा छलफल अन्तरक्रिया गर्ने र सरकारलाई ध्यानाकर्षण गराउने कार्य भईरहेको छ यो प्रसंशनिय छ । जहाँसम्म यहाँको प्रश्न छ रणनीति आएपछि नेपालको कृषिमा परिवर्तन भएको महसुस गर्नु भएको छ ? यस प्रश्न तर्फ ध्यानाकृष्ट हुँदा हाम्रो संस्था राष्ट्रिय कृषक समूह महासंघ, नेपालले स्थापनादेखि नै संवैधानिक किसान आयोगको माग गर्दै आएको हो । संवैधानिक किसान आयोग बन्न सकेन । अर्को तर्फ रणनीतिमा व्यवसायिक किसानको कुराले स्थान पायो । महासंघको लक्षित समूह सिमान्तकृत, भूमिहिन महिला र साना किसान हुन् । यि लक्षित समूहका बारेमा रणनीति मौन छ । त्यसैले कागलाई वेल पाक्यो हर्ष न विष्मत भन्ने उखान झैं परिवर्तन भएको महसुस गर्न सक्ने ठाउँ र सकिने अवस्था छैन ।

**तपाईको महासंघले नेपालको कृषि क्षेत्रको मुद्दा वा सवाललाई जोड्ले उठाउदै आएको छ । के सरकार लगायत सम्बन्धित निकायले संवोधन गरेको छ ?**

राष्ट्रिय कृषक समूह महासंघ, नेपाल सरकार होइन सरकारको सहयोगी मात्र हो । महासंघ सिमान्तकृत, भूमिहिन, महिला र साना किसानको पक्षमा पैरवी गर्न । उनीहरूको पीडा वा आवाजलाई सरकारका जिम्मेवार निकायसम्म पुऱ्याउन र आफुसँग भएका ज्ञान, सीप, क्षमता र अनुभवको प्रयोग गरि सरकारलाई समृद्धिको बाटोमा अगाडि बढ्न मद्दत पुऱ्याउनको लागि हो । हामीले यही

संरचना बनाई विज्ञहरूलाई किसानको पहुँचबाट टाढा राखिएको छ। तिनचार दिन लगाएर किसानहरू ज्ञान केन्द्र तथा विज्ञ केन्द्रमा गएर सेवा सुविधा लिन सकेको अवस्था छैन।

हिजो भरपुर उत्पादन हुने नेपाली भुमि बाँझो चउरको रुपमा परिणत भईरहेको छ। जमीन हुनेहरू खेती गर्दैनन् जमीन नहुनेलाई खेती गर्न दिए जमीन आधी हुने (कमाउनेलाई दिनुपर्ने) डरले जमिनदारहरूले कमाउन दिन छोडेका छन्। अर्काको जमीन कमाएर खेती गर्नेहरूले खेती गर्न जमीन पाएका छैनन्। खेतीवाली लगाएता पनि बाँदर, दुम्सी, मृग र बँदेल जस्ता वन्यजन्तुहरूले बालीनाली नोक्सान पुऱ्याएका कारण बाली जोगाउन नसकेर किसानहरू चिन्तित भई अलि अलि भएको पाखो जमीन पनि बाँझो छाड्न वाध्य छन। राज्यले वन्यजन्तुको संरक्षण गर्न सकेको छैन। जसका कारण उत्पादनयुक्त भूमी बाँझो हुँदै गएको छ। खेतीपाती लगाउन सिँचाईंको व्यवस्था छैन। किसानहरू खाई नखाई बिभिन्न चुनौंतीलाई पारगर्दै खेती गर्न वाध्य छन्। पशु तथा बालीको नोक्सानी हुन्छ अझै पनि विमा कार्यक्रमले प्रभावकारिता पाउन सकेको छैन। ग्रामीण र विकट ठाउँमा विमा कम्पनी जान मानिरहेका छैनन्, पुगी हाले पनि घर, मोटर, कारको विमा तर्फमात्र विमा कम्पनीहरू आकर्षित छन्। यस्ता कारणहरूले गर्दा आज किसान र कृषि प्रधान देश भन्न समेत लाज लाग्ने अवस्था सिर्जना भएको छ। विदेशबाट आयात् भएको कृषि उत्पादन नेपालको बजारमा बिक्री हुन्छ तर नेपाली किसानले गरेको उत्पादनले बजार पाउन र विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्दैन। साना किसानहरूले गरेको उत्पादन संकलन नभई कुहिएर, सुकेर खेर जान्छ। वाह्य उत्पादनले बजार पाउँछ। समग्रमा भन्नु पर्दा नेपाली कृषिको अवस्था खस्कँदो छ।

**तपाई जिम्मेवार किसान अभियन्ता हुनुहुन्छ र महासंघको अध्यक्ष पनि, महासंघको दृष्टिकोणबाट भन्नुपर्दा नेपालमा अबको कृषि क्षेत्रको विकासको रुपरेखा कस्तो हुनुपर्छ ?**

- सरकारले समृद्ध नेपाल, सुखी नेपालीको नारा अगाडी सारेको छ। नेपालको उक्त नारा पूरा गर्ने मुख्य आधार भनेको नै कृषि हो। सरकारले समृद्ध नेपाल भनेता पनि के भएमा समृद्धि र कस्तो समृद्धि भनि निश्चित गरेको पाइन्न। मेरो विचारमा हाम्रो देशको अवस्थालाई हेर्दा अहिलेको समृद्धि भनेको कोही पनि भोको, नाङ्गो, घरवार विहीन नहुनु र आधारभुत स्वास्थ्य, शिक्षा प्राप्त गर्न सक्नु हो। त्यसैले गर्दा नेपालको अबको कृषि उत्पादनको साधनमा उत्पादकको पहुँच स्थापित हुनुपर्छ। जग्गाको पुर्जा सिरानमा राखेर सुत्ने किसान होइन, जग्गा खनि खोस्री गर्ने किसान हुनुपर्छ र उत्पादनको साधन जमीन उसको नाममा हुनुपर्छ।
- ठाउँ तथा भूगोलका आधारमा माटो परिक्षण गरि माटो विशेष क्षेत्रको पहिचान गरि उक्त क्षेत्रका जग्गावाला किसानहरूलाई बाली क्षेत्रगत कृषक समुह गठन गरि

*अर्काको जमीन कमाएर खेती गर्नेहरूले खेती गर्न जमीन पाएका छैनन्। खेतीवाली लगाएता पनि बाँदर, दुम्सी, मृग र बँदेल जस्ता वन्यजन्तुहरूले बालीनाली नोक्सान पुऱ्याएका कारण बाली जोगाउन नसकेर किसानहरू चिन्तित भई अलि अलि भएको पाखो जमीन पनि बाँझो छाड्न वाध्य छन।*

चक्लावन्दी समूह खेतीमा जोडदिनु पर्दछ र कृषकहरूलाई नेपालको सन्दर्भमा अफापसिद्ध सामूहिक खेती होइन आफ्नो जमीनका आधारमा लगानी र आम्दानी गर्ने तर, तोकिएको बाली तोकिएको समयमा लगाई समूहगत उत्पादन र बजारतर्फ समूहलाई उत्प्रेरित गरी समूहगत रुपमा उत्पादनको लागि आवश्यक वातावरण तयारीका लागि अनुदानको व्यवस्था गर्नु पर्दछ।
- किसानहरूलाई उनीहरूलाई बालीको क्षेत्रगत आधारमा खुल्ला कृषि शिक्षा प्रदान गरि एक किसान एक बाली तर्फ विज्ञता हासिल गरेका किसानको उत्पादन गरि किसान किसान फिल्ड अभ्यास गर्दै स्वच्छ र स्वस्थ उत्पादनमा जोड दिनु पर्दछ र राज्यले उपभोक्ताहरूले ढुक्कसँग स्वस्थ उत्पादन हो भनि उपभोग गर्नको लागि नेपाल कृषि असल अभ्यास प्रमाणिकरण व्यवस्था गरि Nepal GAP लोगोको व्यवस्था गर्नु पर्दछ।
- किसानलाई स्वस्थ उत्पादनको क्षेत्रमा लगाई किसानको उत्पादन उचित मूल्य तोकी खरिद गरि बजारीकरणको दायित्व सरकारले लिनु पर्दछ। बजारमा किसानको उत्पादन बिक्री नभएमा तोकिएको मूल्य उत्पादक किसानलाई दिने व्यवस्था गर्नु पर्दछ। "किसानको उत्पादन सरकारको बजार" लाई कार्यान्वयन गर्नु पर्दछ।
- बाली तथा पशुपंक्षी विमालाई उत्पादनको आधारमा विमा र अगुवा किसानलाई एजेन्ट बनाई विमा गर्ने व्यवस्था गर्नु पर्दछ। बाली तथा पशुपंक्षी विमालाई कृषि पशुपंक्षी विकास मन्त्रालयको मातहतमा विमा निर्देशनालय वा विभाग स्थापना गरि सरकारले नै विमा गर्ने व्यवस्था गर्नु पर्दछ।
- किसानले लगाएको बाली बाँदर, दुम्सी, मृग, बँदेल जस्ता वन्यजन्तुले नोक्सान पुऱ्याएमा राज्यले किसानहरूलाई क्षतिपूर्ति दिने नीतिगत व्यवस्था गरि क्षतिपूर्ति दिनु पर्दछ। यदि सो गर्न नसकेमा वन्यजन्तुको नियन्त्रण राज्यले गर्नु पर्दछ।
- कृषि क्षेत्रमा कार्यरत सरकारी एवं गैह्र-सरकारी सघं-संस्थाहरूले सार्वजनिक सुनुवाई तथा सामाजिक लेखाजोखा गर्ने गरेको पाइदैन। कृषि क्षेत्रमा कार्यरत सरकारी गैह्र-सरकारी एवं अर्ध-सरकारी कुनै पनि निकायहरूले कार्यक्रम सम्पन्न पश्चात सार्वजनिक सुनुवाई र वार्षिक रुपमा सामाजिक लेखाजोखाको अभ्यास गरि पारदर्शी, जवाफदेही र सुशासित हुनु जरुरी छ।
- राज्यले सिमान्तकृत, भूमिहिन, महिला र साना किसानमैत्रि छुट्टै नीति निर्माण गरि साना किसान मैत्री कार्यक्रम सञ्चालन र व्यवस्थापनमा जोड दिनु पर्दछ। सबै किसानहरूलाई एउटै डालोमा अट्ने गरि बनाएको नीति तथा कार्यक्रमले लक्षित वर्गका साना किसानलाई हुन सकेको छैन। जसका लागि किसानहरूको पहिचान सहित वर्गिकरण गरेर किसान परिचय पत्र वितरण गर्नु पर्दछ र किसानहरूलाई स्वास्थ्य विमा लगायत सामाजिक सुरक्षा भत्ता एवं पेन्सनको व्यवस्था गरि कृषि कर्मप्रति आर्कषण बढाउनु पर्दछ।
- वर्तमान कृषिको तहगत संरचनालाई किसानमैत्री बनाउन स्थानीय तहमा विज्ञ समेतको व्यवस्था र वडा तहमा कृषि सेवा केन्द्र स्थापना गरि किसानसँग प्राविधिक र प्राविधिकको सहयोगी विज्ञ बनाउनु पर्छ। जसले गर्दा किसानले राज्यको सहयोगको अनुभूति गर्न सकुन्।
- रैथाने बीउको संरक्षण एवं विकास गर्नु पर्दछ। देशभित्र नै गुणस्तरीय बीउ व्यवस्था गर्नु पर्दछ। प्राङ्गारिक खेती र जैविक विषादीमा जोड दिनु पर्दछ। राज्यले रासायनिक मलमा दिँदै आएको अनुदान किसानहरूलाई गोठ



# भारतले प्याज निर्यातमा रोक लगाए

काठमाडौं असोज १० भारतले देशभित्र आपूर्ति व्यवस्था प्रभावकारी बनाउन प्याज निर्यातमा प्रतिवन्ध लगाएको छ। उसले घरेलु बजारमा बिक्रेताले बिक्री गर्ने प्याजको भण्डारण परिमाण तोकेको छ। यसले प्याजको नेपाली बजार झनै अकासिने सम्भावना बढेको छ।



नेपालमा खपत हुने ९८ प्रतिशत प्याज भारतबाट आयात् हुने गरेकोछ। भारतीय नीतिले नेपाली बजारलाई प्रभावित गर्दै आएको छ। भारतको केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्रालयले आइतबार विदेश व्यापार महानिर्देशनालयलाई अर्को आदेश नआएसम्म प्याज निर्यातमा प्रतिवन्ध लगाउन निर्देशन दिएको छ। दिल्ली सरकारले आइतबारदेखि नागरिकलाई एकपटकमा पाँच किलो मात्रै खरिद गर्न पाउने नियम लगाएको छ।

मन्त्रालयले थोक बिक्रेताको हकमा अधिकतम् ५ सय र खुद्रा व्यापारीको हकमा १ सय क्विन्टल मात्रै भण्डारण गर्न पाउने कोटा तोकेको छ। अत्यधिक परिमाणमा भण्डारण गरी कालोबजारी गर्न सक्ने आशंकापछि यो कदम चालिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

भारतमा प्याजको मूल्य बढ्दा त्यसको मारमा नेपाली उपभोक्ता परेका छन्। भारतमा 'अफ सिजन'का कारण मूल्यवृद्धि हुँदा त्यसको प्रत्यक्ष प्रभाव नेपाली बजारमा पर्छ। काठमाडौं उपत्यकामा थोक मूल्य १ सय रुपैयाँदेखि १ सय २० रुपैयाँ प्रतिकिलोसम्म पुगेको छ। खुद्रा व्यापारीले १ सय ५० रुपैयाँसम्म मूल्य तोकेका छन्।

कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार भदौ १५ मा प्रतिकिलो ५९ रुपैयाँमा कारोबार भएको थियो। असोज पहिलो साता यसको मूल्य अकासिएको हो। थोकमा प्रतिकिलो ४१ रुपैयाँ महँगिएको छ। खुद्रामा भने झण्डै ८० प्रतिशत बढी तिर्नु पर्ने गरी व्यापारीले आफूखुसी मूल्य थपेका छन्।

थोक आयात्कर्ता अर्जुन सिलवालका अनुसार भारतमा उत्पादन भएको प्याज वर्षा र बाढीका कारण नष्ट हुँदा भाउ बढेको हो। 'बाढी र डुबानका कारण प्याजको भण्डारगृह पनि प्रभावित भएकाले भारतमै अचाक्ली मूल्यवृद्धि भएको छ' सिलवालले भने, 'त्यसले गर्दा नेपाली बजार प्रभावित छ।' आकासियो प्याजको भाउ

नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघका अध्यक्ष खोमप्रसाद घिमिरेले उत्पादन भएको प्याज झरीले भिजेर बजार आउन सकेको छैन। त्यसको प्रभाव नेपाली बजारमा देखिएको सुनाए। अघिल्लो सिजनमा उत्पादन भएको प्याज थोरै मात्रै भण्डारण गरिएको थियो। त्यही पनि पानीमा भिजेकाले माग अत्यधिक र आपूर्ति कम भएर मूल्य अत्यधिक वृद्धि भएको हो।

भारतका मुम्बई, कोलकोता र चेन्नईलगायत शहरमा प्रतिकिलो ३५ भारु (५५.८८ नेरु)बाट ८० (१२७.७२ नेरु) पुगेको छ। महाराष्ट्रस्थित लासल गाउँमा पनि थोक मूल्य ५० भारु (८० रुपैयाँ नेपाली) पुगेको छ। उक्त ठाउँ एशियाकै ठूलो प्याज बजार मानिन्छ।

नेपालमा प्याज खासै उत्पादन हुँदैन। खपत हुने परिमाणमध्ये झण्डै ९८ प्रतिशत भारतका नासिक, इण्दौर, कानपुर, चण्डीगढ, लखनउ, गोरखपुर र सिमलालगायत स्थानबाट प्याज आयात् हुन्छ। भन्सार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७५/७६ मा ५ अर्ब ६२ करोड २५ लाख रुपैयाँको प्याज आयात् भएको थियो। काठमाडौं उपत्यकामा मात्रै दैनिक २ सय ७० मेट्रिक टन खपत हुन्छ। त्यसमध्ये कालिमाटीमा ७० मेट्रिक टन, बल्खु र बानेश्वरमा ३०-३० मेट्रिक टनको कारोबार हुन्छ। यी तीन बजारबाहेक अन्य तरकारी बजार, थोक र किराना पसलबाट थप ५० मेट्रिक टनको कारोबार हुन्छ।

## कार्तिक महिनामा गरिने कृषि कर्म :

- हिउँदे फलफुलको नयाँ बगैंचा स्थापना गर्नको लागि रेखाङ्कन गर्ने, र सतहको माटो र मल मिसाई पुर्ने।
- प्रमुख खाद्यान्न वाली धान थन्क्याउने।
- जौ, वरसिम, मेच्लुर्स घाँसको बीउ छर्ने।
- गहुँ लाउन जग्गाको तयारी गर्ने।
- अगौटे काउली, बन्दा आदि वालीमा टपड्रेसिङ्ग गर्ने।
- धानबारीभित्र चना केराउ र मुसुरो छर्ने।
- उच्च पहाडमा तुषारोले नर्सरीका कलिला बेनाईहरू मर्न सक्ने हुँदा नर्सरीमा प्लाष्टिकको छहारी दिने।
- तराई भित्री मधेश तथा पहाडका वेसीहरूमा तोरी छर्ने बेला भयो।
- पशुहरूमा भ्याकुटे, चरचरे आदि रोगको विरुद्ध पशु खोप लगाउने।
- हिउँदमा हरियो घाँस उत्पादन गर्न राइजोवीयम बीउ उपचार गरी वर्सिम छर्ने।
- माटो नाम्लेको औषधी खुवाएको ४/५ महिना पुगिसकेको वस्तुलाई नाम्लेको औषधी दोहोऱ्याउने बेला भयो।
- तुषारोले कलिला विरुवा मार्ने हुँदा प्लाष्टिकका छहारी हाल्ने।
- बजारको अवस्था हेरी सुन्तला जातका फलफूल टिप्ने र समुचित ढंगले ग्रेडिङ्ग एवम् भण्डारण गर्ने।
- पहाडमा गहुँ छरेको २०/३० दिनभित्र युरियाले टप ड्रेसिङ्ग गर्ने
- तराईमा प्लाष्टिक टनेल भित्र बेमौसमी तरकारी, भेंडेखुर्सानी, काँक्रो आदि लगाउने।
- प्रमुख खाद्यन्न बाली धान राम्रोसँग पाके पछि काट्ने र सुकाएर भण्डारण गर्ने।
- तराईमा माछा पोखरीमा इ.यू. एस रोग देखा पर्न सक्ने भएकाले रोग नियन्त्रणका उपाय अपनाउने

### पशुपालन

असोजमा छरेको जै घाँस काटी युरिया टप ड्रेस गरी सिँचाई गर्ने।

# तोरी बालीको खेती प्रविधि

**तोरी बालीको खेती प्रविधि :**
विशेष गरि तेल उत्पादनको लागि खेती गरिने बालीलाई तोरी बाली भनिन्छ। नेपालमा खेती गरिने तोरीबालीमा तोरी जात तोरी, सर्स्यू, रायो, बदाम, सूर्यमूखी, आलस, तील र भुसेतिल आदि पर्दछन् ।

**हावापानी :**
तोरी जातको उत्पादन उष्ण देखि लिएर ठण्डा प्रदेशीय जुनसुकै हावापानीमा गर्न सकिन्छ । यसलाई केही चिसो तर बिरुवा राम्रोसँग हुर्कने तापक्रम उपयुक्त हुनुपर्छ। यो बालीले तुसारो सहन सक्दनैन् फूल फुल्ने बेलामा बादल लाग्यो भने लाही कीराको प्रकोप हुन्छ ।
माटो तेल बाली उत्पादनको लागि हल्का खुकुलो भन्दा पानी नजम्ने, प्रशस्त प्राङ्गारिक पदार्थ भएको मध्यम खालको दुमट माटो सर्वोत्तम मानिन्छ। माटोको पिएच मान ६-७.५ सम्म हुनुपर्छ।

**जमिनको तयारी :**
तेल बाली उत्पादनको लागि मसिनो र बुर्बुराउँदा माटो बनाउनु पर्दछ।
यसका लागि ४-५ पटक राम्रोसँग जोतेर माटोलाई बुर्बुराउँदो बनाउनु पर्दछ।

**मलखाद :**
साधारणतया तोरी बालीको लागि ६० के.जी. नाइट्रोजन, ४० केजी फस्फोरस र २० के.जी. पोटासियम प्रति हेक्टरका दरले अर्थात प्रति कट्ठा ३.२० के.जी. युरिया ३ के.जी. डिएपी र २. २.२० पोटास प्रयोग गर्न सिफारिस गरिएको छ। सिंचित अवस्थामा आधा यूरिया तथा पूरा डिएपी र पोटास मल बीउ छर्नु भन्दा पहिले दिनु राम्रो हुन्छ । बाँकी आधा भाग यूरिया छरेको २०-२५ दिनपछि पहिलो सिँचाई दर प्रयोग गर्नु पर्दछ। तोरी जातको लागि सल्फरको आवश्यकता हुने भएकाले नाइट्रोजन मल एमनिया सल्फेट दिनु राम्रो हुन्छ।
तोरी बालीमा प्राङ्गारिक मल प्रशस्त हालेमा राम्रोसँग फस्टाउने भएकाले जमिनमा तोरी गर्दा प्रशस्त प्राङ्गारिक मलको प्रयोग गरि रसायनिक मलको मात्र घटाउन सकिन्छ।
जात :

**विकास, प्रीति, प्रगती र उन्नति :**
बीउ दर र रोप्ने तरिका :
छरुवा गरेमा ८-१० के.जी. प्रतिहेक्टर र लाइनमा छर्दा तोरीको लागि प्रति हेक्टर ४-५ किलोग्राम तथा सर्स्यू र रायोको लागि ५-६ कि.ग्राम प्रति हेक्टर (१.५ बिगाह) आवश्यक



पर्छ। धेरै गहिरोमा बीउ छरेमा राम्रोसँग बीउ नउम्रने हुँदा ३-४ से.मि.भन्दा गहिरोमा बीउ रोप्नु हुँदैन ।

**गोडमेल :**
तोरी बढ्दै गएपछि तोरीसँगै आरोबेकी नामको परजीवि झार फेदमा फूल जस्तो आउन सक्छ । यो झार तोरी बालीको लागि ज्यादै हानिकारक हो । यसलाई होसियारीपूर्वक तोरीको झार नउखेलिने गरि उखेली खाडल खनी गाडी दिने वा जलाई दिने गर्नु जलाईदिनु पर्छ । अन्य झारपात आएमा उखेलेर फाल्नु पर्छ ।

**सिँचाई :**
सिँचाई सिँचाई सुविधा भएमा पहिलो सिँचाई रोपेको २०२५ दिनमा र त्यसपछि फूल फुल्ने बेलामा सिँचाई गरेमा उत्पादन राम्रो हुन्छ ।

**पृथकता दूरी :**
तेल बालीहरू परसेचित बालीहरू हुन तसर्थ यदि मूल बिउ उत्पादनको लागि तेल बालीको खेती लागि २०० मि. पृथकता दूरीमा कायम राख्नु पर्छ ।

**छनौंट र बेजात नियन्त्रण :**
बिउ उत्पादनको लागि जग्गाको छनौंट गर्दा त्यो जग्गामा अघिल्लो वर्ष बाली लगाएको हुनु हुँदैन वा त्यही बाली लगाएको भए पनि जात त्यही हुनु पर्छ। बीउ उत्पादनमा कार्यक्रम सञ्चालन गर्दा बाली उत्पादनको उम्पूर्ण उन्नत प्रविधिहरू अपनाउनु पर्छ । जस्तै : उन्नत बीउ छर्ने् सिफारिस अनुसारको मलखाद दिने, समय समयमा सिँचाई गर्ने, बाली संरक्षण विधि अपनाउने आदि ।
बीउ उत्पादन गर्दा बालीलाई पटक-पटक संरक्षण विधि अपनाउने आदि ।
बीउ उत्पादन गर्दा बालीलाई पटक-पटक निरीक्षण गर्नु पर्छ ।
खासगरि बाली छरेदेखि काटुन्जेल तीन पटक निरीक्षण गर्नु राम्रो हुन्छ ।
१.पहिलो पटक फूल फुल्ने बेलामा ।
यस अवस्थामा खेती घुमी अन्य बालीहरूको बोटलाई उखेली फाल्नुका साथै सोही बालीको अन्यजात र झारपातको बोट समेत उखेल्नु पर्छ ।
२) दोस्रो पटक-कोसा लागेको बेलामा
यस अवस्थामा अवान्छित बोटहरू निकाल्नुका साथै अन्य बाली र झारपातको छुटेको बोटहरू उखेल्नु पर्छ ।
३) तेस्रो पटक बाली पाक्ने बोलामा
यो अन्तिम निरीक्षण भएकाले बाँकी रहन गएमा अनावश्यक बिरुवा झार भिकी दिनुपर्छ ।
यस प्रकार निरीक्षण गरिसके पछि बालीमा कोसाहरू पहेँलो हुन थालेमा उखाली ३-४ घाममा सुकाउनु पर्छ। सुकाई सकेको बीउलाई राम्रोसँग केलाई, नराम्रो र सानो-सानो दानालाई छाँटी राम्रो-राम्रो दानालाई मात्र बिउको लागि भण्डारण गर्न राम्रो हुन्छ ।

**उत्पादन :**
हालको ओषत उत्पादन (तोरी, सर्स्यू रायो) ०.८ टनदेखि १ टन सम्म प्रति हेक्टर छ। ( प्रति कट्ठा (२५-३५ किलो ग्राम)
स्रोत: रानी जमरा कुलरिया सिँचाई आयोजना कृषि तर्फ टिकापुर कैलाली ।



# अनुसन्धानको नाममा खर्च मात्र हुन्छ

नेपालको राजधानी काठमाडौंसँग सिमाना जोडिएर पनि वत्तिमुनीको अँध्यारोको रुपमा परिचित सिन्धुपाल्चोक जिल्लाको साविक तालामाराङ गा.वि.सं-६, हाल मेलम्ची नगरपालिका-६, तालामाराङमा स्थायी बसोवास गर्दै आउनु भएको छ। समाजमा व्यापक रुपमा रहेको अन्धविश्वास र रुढीवादी परम्पराको अन्त्यका लागि आम नागरिकहरूको हक अधिकारको क्षेत्रमा जनवकालत गर्दै आफ्नो सम्पूर्ण जिवननै समाजसेवामा खर्चिदै पछिल्लो समयमा किसान र कृषि अधिकारका क्षेत्रमा अग्रपंतिमा देखिनु भएका राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष **नवराज बस्नेत**सँग कृषि जर्नल मासिक पत्रिकाको लागि प्रधान सम्पादक **धनबहादुर मगर**सँग गरेको कुराकानीको प्रस्तुत अंश :



**नवराज बस्नेत**
अध्यक्ष
राष्ट्रिय कृषक समूह महासंघ

**तपाई लामो समयदेखि सामाजिक सेवामा समर्पित भई बाल अधिकार, महिला अधिकार, दलित अधिकारका क्षेत्रमा काम गर्दै स्वर विहिनहरूको पक्षमा स्वर थप्दै आउनु भयो अहिले के गर्दै हुनुहुन्छ ?**
म जहिलेदेखि समाजलाई चिन्न बुझ्न सक्ने भएँ, त्यस समयदेखि समाजमा रहेको विकृतिको विरुद्धमा आवाज उठाउँदै आएको छु । समाजलाई सही र सकारात्मक बाटोतर्फ हिँडाउनु मेरो कर्तव्य हो भनि सामाजिक क्षेत्रमा प्रवेश गरि मैले जुन काम पहिलेदेखी नै गर्दै आएँ त्यो काम छोड्न सकिन । त्यसैले शुरुदेखि जसरी स्वर विहिनहरूको पक्षमा स्वर थप्ने र आफ्नो अधिकारबाट बञ्चितहरूको अधिकार स्थापनामा सहयोग गर्दै आम समुदायलाई अभियानमा सहभागी गराउँदै आएको छु। त्यसैले कृषि प्रधान देशका ६५% किसानले कृषि कर्म गरेर कृषि र अन्य क्षेत्रहरूबाट समेत २७% कुल गार्हस्थ उत्पादनमा टेवा पुऱ्याए पनि उनीहरूलाई हेर्ने राज्यको दृष्टिकोण सकारात्मक हुन नसकेको अवस्थामा कृषि कर्मका लागि संगठीत भएका कृषक समुह, पशुसेवा समुहहरूको गैह्र-राजनीतिक छाता संगठन, राष्ट्रिय कृषक समुह महासंघ नेपाल, राष्ट्रिय कार्य समितिको अध्यक्षको जिम्मेवारीमा रही किसान अधिकार प्रति समर्पित भएर किसान अभियन्ताको रुपमा जनवकालको क्षेत्रमा नै क्रियाशिल छु।

**तपाई अहिले राष्ट्रिय कृषक समूह महासंघ नेपालको अध्यक्षको जिम्मेवारीमा छु भन्नु भयो । महासंघको स्थापना किन भएको वताई दिनु होस न ?**
किसानका विविध समस्या छन्। गुणस्तरीय बीउ छैन, वाली लगाउने समयमा मल छैन, वाली लगाउने समय भयो सिँचाईको व्यवस्था छैन, खेती वालीमा रोग किरा लाग्छ सल्लाह लिने प्राविधिक छैन, वाली लगायो नोक्सान हुन्छ, पशु पाल्यो मर्छ, विमा कम्पनी छैन, खेतीपाती गऱ्यो वन्य जन्तुले वालीको नोक्सानी

*राज्य यसको अलावा विदेशको विषादी युक्त कृषि उत्पादन विना परिक्षण भित्र्याएर विदेशीलाई खुशी बनाउन ताल्लिन छ। हिजो गाउँ ठाउँहरूमा रैथाने बीउ जोगाउने चलन थियो। सबभन्दा पहिला बीउको लागि व्यवस्था गरेर मात्र खाने गरिन्थ्यो।*

गर्छ क्षतिपुर्ति छैन, ऋण चाहियो ऋण कसैले दिँदैन बैंकले मोटर बाटोले छोएको धितो खोज्छ। उत्पादन गऱ्यो बिक्री गर्ने बजार छैन बिक्री भईहाल्दा पनि विचौलियाको विगविगी छ। राज्यले अनुदान दिन्छ, उक्त अनुदान किसान भन्दा पनि गैह्र-किसानले पाउँछ, किसान को हो पहिचान छैन, जोखिम युक्त कार्य किसानले गर्छन्, उपचार तथा सामाजिक सुरक्षाको व्यवस्था छैन, जसले खेती गर्छ उसको नाममा जमिन छैन, प्रविधि छैन, किसानको लागि नीति नियम बन्छ नीतिमा के छ किसानलाई थाहा हुँदैन । त्यसैले किसानका यावत समस्यालाई एकीकृत गर्दै समस्यालाई सवाल केन्द्रित गर्दै किसानका भिरपाखामा पोखिने वेदनालाई नीति निर्माताहरू समक्ष पुऱ्याउन र सिमान्तकृत, भुमिहिन, महिला र साना किसानमैत्री नीति निर्माण गरि कार्यान्वयनका लागि किसान र राज्यको विचमा पुलको रुपमा काम गर्नको लागि महासंघको स्थापना गरिएको हो ।

**यहाँले कृषि क्षेत्रलाई नजिकबाट हेरिरहनु भएको छ हिजो र आजको कृषिमा के भिन्नता पाउनु हुन्छ ?**
नेपालको कृषि हिजोको भन्दा आज बिग्रँदो छ । हिजो पशुपाल्ने, थलो मल्ने चलन थियो, तितेपाती, वनमारा, असुरो, खिर्रोको छापो हाल्ने चलन थियो, खरानी छर्ने चलन थियो, अहिले यो चलन एकादेशमा भन्ने कथा जस्तो भएको छ । रासायनिक मल र विषादीको अत्यधिक प्रयोग हुने गर्दछ । स्वच्छ ,स्वस्थ उत्पादन हुन सकेको छैन । व्यवसायिक हावाले गर्दा कसरी नाफा कमाउने भन्ने मात्र सोच छ । व्यवसायिकताको नाममा किसानहरूले उत्पादन गर्दा मन लागि रासायनिक विषादी प्रयोग गर्ने र रासायनिक विषादी प्रयोग गरेको उत्पादन समय नपुगी बजारमा लगि बिक्री गर्ने गर्दछन् । उपभोक्ताहरूले उक्त बजारमा आएको उत्पादन आँखा चिम्लेर खान वाध्य हुनु पर्छ । उपभोक्ताले यो उत्पादन स्वच्छ, स्वस्थ हो भनि ढुक्कले खरिद गरि खान पाउने अवस्था छैन । राज्यले उत्पादनको स्वच्छता, स्वस्थ्यता प्रमाणित गरि लोगो अंकित उत्पादनको बजार व्यवस्था गर्न सकेको छैन । राज्य यसको अलावा विदेशको विषादी युक्त कृषि उत्पादन विना परिक्षण भित्र्याएर विदेशीलाई खुशी बनाउन ताल्लिन छ । हिजो गाउँ ठाउँहरूमा रैथाने बीउ जोगाउने चलन थियो । सबभन्दा पहिला बीउको लागि व्यवस्था गरेर मात्र खाने गरिन्थ्यो । ''हुलमुलमा जिउ जोगाउनु, अनिकालमा बीउ जोगाउनु'' भन्ने उखानै थियो, अहिले त्यो उखान हुलमुलमा लाठी खानु, हाइब्रिड बीउ किनेर लगाउनु भन्ने तहमा परिणत भएको छ । देशको कुना काप्चासम्म हाइब्रिडका विउ लगाउने गरिन्छ । हाम्रा अनुसन्धान केन्द्रहरू हाम्रा रैथाने जिनहरू विदेश पठाएर विदेशबाट आएका हाइब्रिड बीउ सिफारिस गर्नमा व्यस्त छन् । अनुसन्धानको नाममा खर्च मात्र हुने गर्दछ ।
महासंघको स्थापना पश्चात किसानको पहुँचमा प्राविधिक वा किसानको साथ प्राविधिक हुनुपर्छ भनि एक गा.वि.स पशु १ कृषि १ गरि २ प्राविधिकको महासंघले वकालत गऱ्यो । राज्यले २ वर्ष गरी ३०३२ जना प्राविधिक थप गरि लगभग एक गा.वि.स.१, प्राविधिकसम्म व्यवस्था गरेको अवस्था थियो । अहिले राज्यको पुनसंरचना पस्चात प्राविधिकहरू किसानबाट टाढीएका छन् । प्राविधिकहरूलाई गाँउपालिका, नगरपालिकाले चिठ्ठी पत्र दर्ता चलानी तथा वडास्तरमा सचिव बनाएर काम लगाएका छन् भने कृषि ज्ञान केन्द्र र पशु विज्ञ केन्द्र (पशु अस्पताल)का नाममा अन्य कुनै मन्त्रालयहरूमा व्यवस्था नभएको ऐजेरु

समस्या मिलेको छ। धेरै कुराहरू अझै गर्न बाँकी छ। पीच बाटोमा हिड्दा र पीच नगरेको बाटोमा हिड्दा घच्याक घुचुक मात्र भएको हो। एउटा सरकारले अर्को सरकालाई भेनाजु मेयर हुने साला डोजर किन्ने हो भने नेपालको कृषि के हुने हो ? प्रदेश स्तरको कार्यक्रम गर्दा मिलेर गर्न सकिन्छ। धेरै निराश हुने अवस्था छैन।

अखिल नेपाल किसान महासंघका सदस्य तथा किसान सञ्जालका सचिव नहेन्द्र खड्काले किसानहरूले थाहा नपाउने गरि बनाउन लागेको कृषि रणनीतिलाई किसानले तानेर बनाएको बताउनु भयो। किसान आयोगले आफूलाई किसानहरूका बीच चिनाउने काम छोटै अवधिमा सफल भएको बताउनु भयो। यसले सरकार र किसान बिच पुलको काम गर्न सफल भएको छ। २० वर्षे कृषि रणनीति बेला-बेलामा तुहाउने काम नभएको होइन। हरिबोल गजुरेल कृषि मन्त्री हुँदा, पुष्प कमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री, काल थियो। ड्राफ्ट गर्ने ४ महिना लाग्यो, कहिले के मिलेन, कहिले के, लड्दा-लड्दै ड्राफ्ट बनाउँदा खेरिनै भ्रुणमै हत्या गर्ने काम भएका थिए।

आयोगले केही पनि काम गरेन भन्नुभन्दा पनि आफूलाई संस्थागत गर्ने काम भएको छ। अब राष्ट्रिय किसान आयोगले राम्रो काम गर्नु पर्छ। राम्ररी कृषिका किताब पढ्नु पर्ने बेला आएको छ। आएको छ गएको छ गाडी चढेर मात्र प्रर्याप्त छैन। २ तिहाई किसान जो छ उनीहरूको नेतृत्व गर्नु पर्छ। अन्तर्राष्ट्रिय स्तरमा छवि तयार भएको छ। रोष्टरहरू र किसानहरूसँग मिलेर सहाकार्य गर्नु पर्छ।

राष्ट्रिय किसान आयोगका अध्यक्ष चित्रबहादुर श्रेष्ठले आएको सुझावलाई लिपिवद्ध गरि ईमान्दारीपूर्वक कार्यन्वयन गर्न लाग्ने छु। किसान प्रतिनिधी, सञ्चारकर्मी हामी गम्भीर भएर लाग्नु पर्छ। हामी अप्ठेरो स्थितिबाट अगाडि बढिरहेका छौं। एकतावद्ध हनु जरुरी छ। हाम्रो सुझावहरू सरकार लगायत सम्बन्धित निकायले पहल गर्न आग्रह गर्दछु। "प्रतिवेदन नेपाली किसानहरूको आँसु र पसिनाको अन्तर्वस्तु हो।" समस्या पहिचान भएको छ। अब कारण सहित समाधन गर्ने दिशातिर जानु पर्छ। व्यक्तिगत सुख सुविधाको निम्ति हामी आएका होइनौं। आयोगमा ६० जना विज्ञ र १९जना संस्थाहरू सूचीकृत गर्न सफल भएका छौं।

कृषि विज्ञ, कृषि, पशुपन्छी विकास मन्त्रालयका पूर्व सह-सचिव तथा राष्ट्रिय किसान ओयोगका सदस्य उदयचन्द ठाकुरले समस्याको पहिचान महत्वपूर्ण छ। समस्या पहिचान गरी समाधान गर्न जरुरी छ। अन्तर्राष्ट्रियस्तरको किसान सम्मेलन गर्दा विभिन्न देशको अनुभव, सञ्जाल विस्तार गर्न सफल भयौं। किसानले उत्पादन गरेको वस्तुहरूको बजारीकरण समस्या समाधान नगरेसम्म किसानहरू चुकी रहने छ। पाँचखालको तरकारी ईट्टा भट्टाको कारण प्रदुर्शनले कालो दाग लागेर बजार मूल्य नपाउने अवस्था छ। जङ्गली जनवारको सबभन्दा ठूलो समस्या छ। राष्ट्रिय निकुञ्जले मात्र क्षेतिपूर्ति माग्न जाने व्यवस्था छ। रबर, सुपारी, माछा, विज्ञहरूको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्न लाग्नु पर्छ।

१. बाँझो जमिन सम्बन्धी अध्ययन प्रतिवेदन
२. कृषि उत्पादन प्रवर्द्धनमा देखिएको समस्या र सम्भाव्य समाधन
३ कृषि व्यवसयिकरण तथा करार खेतीको लागि करार ऐन निर्माण
४ किसान अधिकार सम्बन्धी ऐन निर्माण।

नेपाल किसान संघका अध्यक्ष तथा राष्ट्रिय किसान आयोगका सदस्य भानुभक्त सिग्देलले २० वर्षे कृषि रणनीति तयार भएको ४ वर्ष भइसक्दा पनि २/४ वटा काम बाहेक अरु कार्यन्वयनमा नआएको बताउनु भयो।

सिग्देलले एडिएस परिकल्पना गर्दा र अहिलेको अवस्थामा नेपालको कृषि कस्तो हुने ? चुनौंती आएको छ। आयोगले १६ वटा गतिलो प्रतिवदेन सरकारलाई बुझाई सकेको छ।

दुखः लाग्छ २/४ वटा विषयमा बाहेक महत्वपूर्ण प्रतिवदेनहरू कार्यन्वयनमा आएका छैनन्। ४ वर्ष हुन लाग्यो एडिएस कसरी अगाडि बढ्यो भनेर। हामी समृद्धिको लागि लडिरहेको छौं। हाम्रो देशको कृषि क्षेत्र जबसम्म समृद्ध हुँदैन तबसम्म नेपाल र नेपालीको समृद्धि हुन सक्दैन। कृषि मन्त्रालयले दिएको अनुदान वास्तविक किसानसम्म पुगेन भन्ने आवाज आएका छन्। कृषि उत्पादकत्व वृद्धि गर्न एडिएसको कार्यन्वयन गर्न सकेन। कति कृषि पूर्वाधार निर्माण भयो भन्ने विषयमा जहाँसम्म जमिन माथि किसानको पहुँच र सम्बन्ध विस्तार गर्नु भनेका छौं। भूमि किसानसँग सम्बन्ध राख्ने, किसानसम्म पुग्ने कानून बने पनि समाधान नहुने देखिन्छ। किसान अधिकारको लागि प्रतिवेदन कार्यन्वयनमा आएको छैन। बिरालोलाई जनै बाँधे जस्तो देखिन्छ। नेपाली कृषिलाई उठाउन आत्मदेखि लाग्नुपर्छ। राष्ट्रिय किसान आयोगले किसानसँग मिलेर सरकारको विरुद्ध आन्दोलन गर्नुपर्ने वाध्यता नआओस् भन्न चाहन्छु।

## अधिकारमूखी किसानमूखी अभियान राष्ट्रिय कृषक समूह महासंघको पैरवी गर्दै आएका प्रमुख सवाल

१. किसानको पहिचान, वर्गिकरण परिचय पत्र सहितको सामाजिक सुरक्षा भत्ता
२. एक पालिका १ प्राविधिक
३. श-शर्त र निशर्त कृषि वजेट
४. कृषिको पुन:संरचना
५. सुलभ व्याजदरमा कृषि कर्जा
६. कृषि र पुशुपन्छी विमा
७. जग्गा भाडामा लिई खेती गर्ने नीतिगत व्यवस्था
८. जङ्गली जनवारले कृषि बालीमा पुऱ्याएको क्षेतिको क्षतिपूर्ति माग
९. न्यूनतम् समर्थन मूल्या निर्धारण गरि कार्यन्वयनको माग
१०. संविधानमा किसानको अधिकारको मागको सवाल उठान
११. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा कृषक समूहको सवाल उठान
१२. महासंघको प्रतिनिधित्व सहितको संवैधानिक किसान आयोग गठनको माग
१३. राजनीतिक पार्टीका घोषणा पत्रमा किसानको सवाल उठानका लागि नीतिगत छलफल

## फलफूल र तरकारीको खोटो र साबुन पानी

खोटो र साबुन सम्बन्धी विषादी (Rosin Compound)

खोटो, साबुन र सोडा मिसाई विषादी बनाउन सकिन्छ। ४०० ग्राम खोटो, २०० ग्राम सोडा र ४०० ग्राम साबुनलाई मिसाई ४ लिटर पानीमा राखी आँच आउने आगोमा खुबसित उमाल्नु पर्दछ। यसरी उम्लेको रङ चिया जस्तो रातो हुनु पर्दछ। यसरी उमालेको रातो नभई सेतो बन्यो भने वेकम्मा हुन्छ। राम्रो भएको विषालाई १०-१२ लिटर पानीमा मिसाई बिरुवा या तरकारीमा छर्नाले लाभ्रे कीरा र झुसिल्कीरा नियन्त्रण हुन्छ।

त्यसरी नै सिस्नु, वनमारा झार र गाईको गहुँत पनि जैविक विषादीको लागि उपयुक्त मान्दछ।

५ लिटर गाईको गहुँतमा मिसाई १५ देखि हप्तादिनसम्म राखेपछि औषधीको रुपमा तयार हुन्छ। र छानी त्यसलाई औषधी बराबर ३ लिटर पानी राखेर स्प्रे गर्दा रोगकीरा नियन्त्रणमा आउँदछ।



# भरतपुरमा एग्रीमेक

काठमाडौं/असोज १० एग्रीमेक राष्ट्रिय कृषि यान्त्रीकरण पर्दशनी २०७६ चितवनको भरतपुरमा मंसीर ६ देखि ९ गतेसम्म हुने भएको भएको छ।

प्रदर्शनीमा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण हरिहर भवनको अगुवाईमा गर्ने भएको छ।

उक्त कुरा कृषि विभागमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएका हुन्।

पत्रकार सम्मलेन गरि नामियाका महासचिव खोजराज कटुवालले २०७० सालमा त्यहीबाट शुरु गरिएको प्रदर्शनी पुन: चितवन जिल्लाको भरतपुरमा गर्न लागिरहेका छौं। "यो महत्वपूर्ण इभेन्ट हुनेछ।" विगतको अनुभवले हामीलाई धेरै कुरा सिकाएको छ। यस्ता कार्यले कृषिलाई माथि उठाउन सहयोग पुग्ने विश्वास गरेको छौं।

पहिलो प्रदर्शनीमा मिनी टेक्टरलाई गुड्ने होकि उड्ने हो भनेर हाते टेक्टरलाई भनेका थिए। एग्रीटेक धरान, कोहलपुर, एग्रीटेक काठमाडौं, सम्पन्न भइसकेको छ। चितवन सबैको लागि एक्स्पो सेन्टर बनेको छ। सरकारी गैह्र-सरकारी, नीति निर्माता, किसान, बीचमा समन्वयको थलो मिटिङ्ग पोइन्ट, लगानीको अवस्था सिर्जना गर्न सहज भएको छ र हुनेछ। कृषि विकास बैंक, वित्तिय संस्थाहरू लगायत नीति निमार्ण गर्ने १०० भन्दा बढी एक्जिविटरहरूको सहभागी हुनेछ। २० करोड भन्दा बढी कारोवार हुने लक्ष्य लिएकोछ।

सञ्चारकर्मीहरूले सोधेको प्रश्नहरूमा तपाईहरू कृषि प्रविधि बिक्री वितरण गर्नु हुन्छ ? मर्मतको व्यवस्था गर्नु हुँदैन। थुप्रै प्रविधिकहरू काम नलाग्ने गरी थन्काएर राखेका छन्।

सञ्चारकर्मी निमेश अकिकारीले चितवनलाई कृषिको हब तोक्नु भएको छ साना किसानहरू आउन सक्छन कि सक्दैनन् र वार्षिक रुपमा कति मेशिनहरू बिक्री भइरहेको तथ्याङ्क अपडेट गर्नु भएको छ ? त्यसैगरी हिमात मासिकका सम्पादक बाबुराम ढकालले एग्री कल्चरभन्दा टेक्टर प्रदर्शनीको रुपमा बुझियो। हिमाली क्षेत्रको लागि प्रविधि उपयुक्त छ कि छैनन्। भौगोलिक अनुसन्धान अनुसार जस्तै मनाङ्ग, मुस्ताङ्ग त्यस्ता प्रविहिरू प्रयोग गर्न सकिन्छ कि सकिदैनन् ? मर्मत गर्न सदरमुकाम र काठमाडौंमा ल्याउनु पर्ने अवस्था त आईलाग्दैन ? कृषि पत्रिकाका रुपक सामयोङ्गले दुरदुराजका ग्रामीण क्षेत्रका लागि टेक्टर चलाउन नसकेर थन्काई रहेको देखिन्छ। यसपालीको के-के कुरा नयाँ आउँदै छ ?

कृषि जर्नलका प्रधान सम्पादक धनबहादुर मगरले यसपाली विगतमा जस्तै विदेशी कृषि




प्रविधिकहरू राखिन्छ, की नेपाली कृषि प्रविधिहरू पनि ?

पत्रकार सम्मेलनमो पत्रकारहरूबाट सोधिएको प्रश्नमा नामियाका महासचिव खोजराज कटुवालले विश्वमा नयाँ प्रविधिहरू दुई-दुई वर्षमा मोडिफाई भएर बजारमा आउँने गरेको बताउँदै नयाँ र नेपाली प्रविधिहरुरू राखिने बताउनु भयो। नयाँ प्रविधिमा नेपाली कृषकहरूको रुची छ। किनकि दुईदुई वर्षमानै नयाँ प्रविधिको विकास हुन्छ यसपाली नयाँ प्रविधि दिन्छौं।

अब मेड इन नेपाल पेभिलियएन भनेर राख्छौं। पहिलो चोटी नेपालको इतिहासमा मेड इन नेपाल राख्छौं।

त्यसैगरी कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रमुख प्रकाश सञ्जेलले विगतमा जस्तो तल्ला तहबाट सूचनाहरू संरचनागत रुपमा आउन नसेकेको बताउँदै जेजति आएपनि कृषि व्यवसाय प्रवर्द्धन केन्द्रबाट जानकारी दिने छौं। अब साना साना सामानहरू बिग्रेको अवस्थामा नेपाल सरकारले तालिम लगायत मर्मत र तालिमको व्यवस्थापन गरि कृषि यान्त्रिकरणलाई भौगौलिक अवस्था अनुसार आधारभूत कुराहरूको व्यवस्था गरिने बताउनु भयो। कृषि अनुदान, बजार मूल्य ५० प्रतिशत छुट दिने, अझ त्यसलाई प्रभावकारी बनाउने छौं। यस्तै प्रकारको कार्यहरूमा नेपाल सरकारले साना किसानसम्म पहुँच कसरी पुऱ्याउने भनेर भर मग्दुर प्रयास गर्ने छौं। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पनि सहभागी रहनेछ। प्रर्दशनीमा मर्मत कसरी गर्ने भनेर पनि जानकारी गराउनेछौं।

नेपाल सरकारबाट १९ वटा कस्टम हायरिङ्ग सेन्टरको स्थापना गरि बजार प्रर्वद्धन कार्यमा लागिरहेकाछौं।

कृषि पूर्वाधार तथा कृषि यान्त्रीकरण कार्यालय पूर्व कार्यकारी निर्देशक तथा नामियाका सल्लाहकार मुधसुदन सिंह बस्नेतले २०७० सालमा राखिएको प्रदर्शनीमा भन्दा थप विकसित रुप देख्न पाउने बताउनु भयो।

मेड इन नेपाल पेभिलियनहरू आउँछन्। नार्कमा अविष्कार भएका कफी कल्चर, कोदो, भटमास चुटन् मेशिनहरू राखिन्छ। कस्टम हायरिङ्ग सेन्टर अझै पनि अनौपचारिक रुपमा चल्दै आएकोछ। मकै, उखु लगायत खेतीका लागि कस्टम हायरिङ्ग सेन्टरको रुपमा चल्ती चलनमा अहिले पनि छ। २०७० सालको प्रदर्शनीमा ५० जिल्लाबाट सहभागी रहेको थिए। यसपालीको एग्रीमेक प्रदर्शनीमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जोन र सुपर जोनका कृषकहरूको समेत सहभागी रहनेछ। प्रदेश स्तरीय कृषि यान्त्रीकरण प्रदर्शनी पनि राखिने छ। १ वर्षमा नयाँ प्रविधि आउन नसक्ने भएकाले २/२ वर्षमा राख्नु परेको बताउनु भयो। सन् २०२० को तथ्याङ्कले कृषि प्रविधिको प्रयोग गर्नेको संख्या बढेको छ।

प्राप्त सुझावलाई प्रभावकारी बनाउँदै हामी ६ महिना अघिदेखि जुटिरहेका छौं।

कृषि मेशिनरी संघका अध्यक्ष शम्भुकृष्ण श्रेष्ठले किसानहरूले आफूलाई चाहिने प्रविधीहरूको अधिकतम् जानकारी लिएर मात्र खरिद गर्न आग्रह गरेका छौं।

# कृषिको रुपान्तरण : कृषिमा यान्त्रीकरण

## Agriculture Transformation
## Agricultural Mechanization

### चौथौ राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७६ प्रेस विज्ञाप्ति



**विगतको अनुभव**

-पहिलो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७० चितवन, नारायणगढ

-दोस्रो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७२ बाँके, कोहलपुर

-Nepal Agritech International Expo 2017 भृकुटीमण्डप, काठमाडौं सहकार्यमा आयोजना

-तेस्रो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७४ सुनसरी धरान

**प्रदर्शनीको उद्देश्य :**

एकै थलोमा कृषि सम्बन्धी आधुनिक प्रविधि, विभिन्न कृषि औजार, उपकरण, यन्त्रहरू तथा सेवाहरूको बारेमा जानकारी गराउने ।

- नीति निर्माता तथा कृषकहरूलाई कृषि यन्त्र तथा प्रविधि सम्बन्धी जानकारी गराउने ।
- कृषि यान्त्रीकरण प्रविधि तथा सेवाको आन्तरिक बजार प्रवर्द्धनमा योगदान पुऱ्याउन ।
- कृषि यान्त्रीकरण व्यवसायी र कृषक बीच समन्वय गर्न ।
- लगानीको अवसर सिर्जना गर्न ।
- कृषि यन्त्र तथा प्रविधि सम्बन्धी विभिन्न क्षेत्रमा काम गरिरहेका उत्पादक, आयतकर्ता, वितरक, सेवा प्रदायक, नीति निर्माता, कृषि विज्ञ र कृषक बीच समन्वय र सहकार्यको वातावरण सिर्जना गर्न ।
- नेपालको कृषिलाई यान्त्रीकरणमार्फत व्यवसायिकरण गरी आधुनिक कृषि प्रणालीको विकास गर्न

**प्रदर्शनी स्थल :**

- चितवन एक्स्पो सेन्टर, भरतपुर
- मिति : २०७६ मंसीर ६ देखि ९ गते सम्म रहने छ ।

**आयोजक :**

- नेपाल सरकार, कृषि, पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र ।
- नेपाल सरकार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ।
- प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ३-नं. प्रदेश ।
- नेपाल कृषि मेशिनरी व्यवसायी संघ ।

**लक्षित प्रदर्शनीकर्ता :**

कृषि औजार, उपकरण उत्पादन, उद्यमी व्यवसायीहरू, आयतकर्ता, वितरक, डिलर, सब-डिलरहरू, सरकारी एवं गैह्र-सरकारी संघ-संस्थाहरू, कृषि विज्ञ, अनुसन्धानकर्ता, शैक्षिक संस्थाहरू, अनुसन्धान संस्थाहरू सेवा प्रदायक, कृषक, कृषक समूह, सहकारी संघ-संस्थाहरू, बैंक तथा वित्तिय संस्थाहरू आदि ।

**लक्षित अवलोकनकर्ता :**

कृषक, नीति निर्माता, उद्यमी, व्यवसायी सरकारी एवं गैह्र-सरकारी संस्थाहरू, कृषक समूह, कृषि सहकारी संस्था, वैज्ञानिक, शिक्षक, विद्यार्थीहरू आदि ।

अवलोकनकर्ता शुल्क : निशुल्क

**आकर्षण**

-प्रदर्शनीकर्ता १०० भन्दा बढी

-कृषि यन्त्र, औजार, उपकरण तथा प्रविधिहरू २० भन्दा बढी मुलुक, २००० भन्दा बढी प्रकार ।

-अपेक्षित अवलोकनकर्ता ७० जिल्लाका करिब १ लाख भन्दा बढी

-अनुमानित कारोवार २० करोड भन्दा माथि

**प्रदर्शनीको मुख्य आकर्षण :**

Regional Council of Agricultural Machinary Association in Asia and the Pacific (Re CAMA) को पाँचौं सदस्य सम्मेलन हुने छ ।

# फलफूल र तरकारीको लागि सुर्तीको झोल

सुर्ती सम्बन्धी विषादी (Tobacco decoction) नेपालमा सुर्ती खेती तराईमा निकै गरिदै आएको छ । मानिसले निकै कम खाने वस्तु हो तापनि यो मानिसका लागि निकै हानीकारक पनि हो । यस सुर्तीको झोलबाट कीराहरूको संहार गर्न निकै मद्दत गर्छ । जति कडा सुर्ती भयो यसको उत्तिकै कडा असर पार्दछ । २०० ग्राम सुर्तीलाई करिब २४ घण्टासम्म २ लिटर पानीमा भिजाउने वा १ घण्टा पकाउनु पर्दछ । यसरी पकाएको पानीलाई चिसो गरी २०० ग्राम साबुनले पखाली खुबसित मथ्नु, साबुन पग्लेपछि सो झोललाई कपडामा छानी १२ लिटर पानीमा राखी कीरा लागेको बिरुवामा छर्दा कीरा नियन्त्रण हुन्छ ।

**मट्टीतेल र साबुनको झोल**

साबुन र मट्टीतेलले पनि कीरा नियन्त्रण गर्न निकै मद्दत गर्छ । २०० ग्राम नरम साबुन (Soft Soap) २ लिटर पानी पखाली तताउनु यो उम्लिसकेपछि त्यसलाई झिकी चिसो भएपछि ४ लिटर मट्टीतेलमा मिसानु पर्छ । यसरी मिसाएको लट्टीले चलाउनु पर्छ । यसरी तयार भएको तेल २ लिटर झोललाई २० देखि ४० लिटर पानीमा मिसाई तरकारी र फलफूल बिरुवामा छर्नाले कीरा नियन्त्रण हन्छ ।



# सचिव र मन्त्री ६ महिना कार्यविधि बोकेर हिड्नु पर्दा के हुन्छ ? : मन्त्री खनाल

✍धनबहादुर मगर

काठमाडौं असोज १४ राष्ट्रिय किसान आयोगले वार्षिक समीक्षा तथा प्रतिवेदन हस्तान्तरण कार्यक्रममा कृषि, पशुपन्छी विकास मन्त्री चक्रपाणी खनालको प्रमुख आतिथ्यमा सम्पन्न गरेको छ ।

उक्त अवसरमा मन्त्री खनालले राष्ट्रिय किसान आयोग सरकारको अभिन्न अंग भएको बताउनु भयो ।

किसान आयोगले समस्या कोट्याउने र अर्के निकायले समाधान गर्ने हो भने अर्कै ढंगले हेर्नु पर्ने हुन्छ । कृषि मन्त्रालयले समस्याको उजागार गर्नु पर्छ । अधिकांश कृषक रहेको ठाउँमा कृषकको लागि नसोचेर उही पुराना प्रणाली छ । उत्पादन गरेको छ त्यही पनि भएन भने विदेश जाने चलन छ । ऋणमा डुब्नेहरू जानेहरू प्राय कृषिकै छोराछोरीहरू जाने गरेका छन् । समस्या समाधान गर्ने संयन्त्र कमजोर छ ।

चीनमा हाम्रो देशको कुल बजेटभन्दा धेरै कृषिलाई छुट्याएको बजेट धेरै रहेछ । सरकारले सीमान्तकृतलाई ५० प्रतिशत दिने विधि अझै पारित गरेको छैन । एउटा सचिव र मन्त्री ५-६ महिना कार्यविधि बोकेर हिड्दा के हुन्छ ? अन्तर मन्त्रालय गठन गरेर कसरी माखे साङ्लो धपाउने ? कृषिमा ३/४ प्रतिशत जनसंख्या छ । उर्जा ५० सय मेगावट थपिएको होइन १ मेगावट थपिएको हो ।

जमिन सही तरिकाले चक्लावन्दी कसरी बनाउने ? स्वघोषित चक्ला वन्दीमा ल्याउनु पर्छ । एकीकृत गरेर आउनु होस् १ सय विगाह सम्मको जमिनलाई केन्द्रिकृत गरौं । त्यहाँ भएको उत्पादन किसानबाट खरिद गरौं । गोर्खा, सिन्धुली र उदयपुरमा केही जमिन केन्द्रीत गरेका छौं । संघले सबैतिर हेर्न सक्दैन । सूचना परम्परागत छ । संघले पनि फड्को मार्न सकेन भने आयोग अघि सर्नु पर्छ । विचौलिया त्यसै आएको होइन उत्पादन नभएको होइन । उत्पादन भएको छ । व्यवस्थापन गर्न नसकेको हो ।

किसान आयोगले २ वटा कार्य १ वर्गिकरण, २ परिचय पत्र वितरण योगदानमा आधारित पेन्सनको व्यवस्था गर्ने, देशमा ४ प्रकारका किसान छन् । सडक निर्माण, किसानको लागि बीउ बैंक स्थापना, ५ प्रतिशत व्याज, सीमान्तकृत, माध्यम र मजदुरको हिसाबले किसानले गर्न सक्दैन । मुलुकको प्राङ्गारिका ढंगले जोडदिने संघ मार्फत एसएमभी प्लान्ट स्थापना गर्ने ।

खसी-बोका आयत् नियात् गर्न निर्वाध रुपमा लाने ल्याउने कुनै पनि देश छैन । खसीबोकामा पनि हामी आत्मनिर्भर बन्न सक्छौं । कृषिमा अनुसन्धान, नेपालमा जस्तो अनुसन्धान पद्धतिमा फितलो कहीं पनि छैन । हाम्रो अनुसन्धान कृषिमा जोड्ने जमिन उत्पादन र कृषकसम्म फर्केर लान सकिन्छ । किसानले बीउमा पूर्ण रुपले जोडदिने गरिमा धानको मुद्दा आएको छ । डिएनए परिक्षण भएको छ । कृषि गर्ने जग्गा छ, थप्ने सकिन्न सुधार गर्न सकिन्छ । खुमलटारको जमिन ३-४ वटा टिम माग्न आएको छ । केही गर्दैन भने त्यसकारण व्याख्या गरेका छौं । "बदल्ने तिर लागौं ।" प्राङ्गारिक क्षेत्र बढाऔं । मूल्य निर्धारण गर्न चिनिएको बालीमा आयोग बनाउने हो भने किसानको धेरै मुद्दा समाधान गर्न सक्छन् । नेपालमा किसानहरू आत्महत्या गर्ने अवस्थासम्म पुगेको छैन ।

अखिल नेपाल किसान महासंघका संयोजक तथा पूर्व कृषिमन्त्री हरिप्रसाद पराजुलीले नेपाली किसानहरूको बनावटका आधारमा उत्पादनको हिसाबले साना, मझौला र ठूला बिच भिन्नता छ । किसानहरू समस्या राख्न नआएको हुनु पर्छ । डोनरहरू कहाँ जाने बाध्यता छन् । यद्यपी नेपाली कृषिमा समस्या छन् । खाद्यजन्य पदार्थहरू बढाउने सकोस् । किसान संघ संगठनको काम भनेको किसान उत्थानको काम गर्ने हो । देशको अवस्था सन्तोषजनक छैन । सरकारले र नेपाली समाजले समेत किसान संघ-संगठनलाई औपचारिक रुपमा चिनेको छैन । तपाईहरूको उत्पादन कति छन् भनेर किसानहरूमा पनि छलफल गर्ने चलन छैनन् । सरकारको कर्मचारीहरू तल कार्यन्वयन भएको देखाउने कागजी घोडा तयार गर्छन । कार्यन्वयन गर्नेको कमी छ । यो कमोडिटीमा राष्ट्रले कति पूर्ति गर्न सक्छन् भन्यो भने यद्यपी मासु र अण्डामा समेत आत्मनिर्भर छैनौं । फ्रिजन मिट कहाँबाट आएको छ ? होटलहरूमा आउँछन् । कहाँबाट अनुमति पाएका छन् ? त्यस्तो कार्यले ३२ मेट्रिक टनलाई २४ मेट्रिकटन उत्पादनमा झार्छन । त्यापनि माया गर्ने मित्र राष्ट्रबाट ल्याऔं ।



कृषि, पशुपन्छी विकास मन्त्रलायको सचिव युवकध्वज जिसीले राष्ट्रिय किसान आयोगले देशको किसानसँग पैरवी गर्नेकार्य ठीक-ठीक ढंगले गर्दै आएको छ । बीच-बिचमा छलफल गर्ने भनेर अगाडि बढ्ने गरेको छ । कृषि क्षेत्रमा काम गर्नेहरूले केही गरेन भन्ने गलत छ । तरकारी मासु अण्डा, दुग्धजन्य पदार्थको उत्पादन बढेको छ । नेपालमा सबभन्दा ठूलो समस्या भूमिको छ । टेक्टरले जोत्नु परे पनि भूमि ऐन जसरी आयो मन नमिले पनि देशभर

व्यवसायीहरूद्धारा पुष्प व्यावसाय गरिएको र ४३ जिल्लामा पुष्पखेती विस्तार भएको छ। हाल लगभग १५७ हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय भएको, ४३,५०० भन्दा बढी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पुष्प व्यवसायमा आश्रित व्यक्तिहरूलाई रोजगारी उपलब्ध गराई रहेको, यस व्यवसायले आव २०७४/०७५ आवमा जम्मा २ अर्ब ४२.१०२४ करोड भन्दा बढीको कारोवार रहेको जानकारी गराउँद छौं। यही आव २०७५/०७६ मा २०.९२५८ करोड बराबरको पुष्प तथा पुष्पजन्य वस्तुको आयत् भएको छ भने निर्यात तर्फ रु. ०.४६५८ करोड रहेको छ।

कृषिमा आधारित हाम्रो देश वातावरणीय विविधता तथा प्रकृतिक सम्पदाले भरिपूर्ण भएकाले पुष्प व्यवसायको विकास तथा प्रवर्द्धनको सम्भावना अझ बढी छ। हाल उद्योगको रुपमा अगाडि बढी रहेको पुष्प व्यवसायको दिगो संस्थागत विकास, गुणस्तरीय उत्पादन आन्तरिक बजार व्यवस्थापन आयत् प्रतिस्थापन तथा निर्यात पवर्द्धन आदिको सम्बन्धित संघ-संस्थाहरूले खेल्दै आएको भूमिका महत्वपुर्ण रहेको छ। साथै आगामी दिनहरूमा पुष्प व्यवसायको व्यवसायिकरण र निर्यात प्रवर्द्धनमा यस संस्थाले अझै सशक्त रुपमा भूमिका खेल्ने बेहोरा जानकारी गराउन चाहन्छु।

यस मेलामा ३५ हजारभन्दा बढीको प्रत्यक्ष अवलोकन गर्नुका साथै ५० लाखको व्यवसायिक कारोवार हने अपेक्षा गरिएको छ।

सञ्चारकमी मित्रहरू :

हामीले विगत देखिनै सञ्चारकर्मी र सञ्चार माध्यमहरूबाट पाएको सहयोग प्रति आभार प्रकट गर्दछौं। यसको लागि हामीले आगामी दिनमा पनि निरन्तर सहयोग र प्रोत्साहन पाईरहने अपेक्षा गरेका छौं। हामीले यहाँहरूबाट यही २०७६ कार्तिक १ गते ११ बजे हुने गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीको उद्‌घाटन कार्यक्रमको अवसरमा उपस्थित भएर मेलाको अवलोकन गरी प्रभावकारी रुपमा समाचार सम्प्रेशण गरी सहयोग गरिदिनु हुने छ भन्ने समेत हामीले अपेक्षा गरेका छौं।

अन्तमा पुन: एकपटक तपाईहरूको यो गरिमामय उपस्थिति र सहयोगको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

धन्यवाद

शिवबहादुर खड्का उपाध्यक्ष, संयोजक १३ औं गोदावरी फूल प्रतियोगितात्मक प्रदर्शनी २०७६ फ्लोरिकल्चर एशोसिएसन नेपाल ज्वागल ललितपुर

# २५ लाख मालाको आवश्यकता अध्यक्ष : कुमार कशजु श्रेष्ठ

१३ औं गोदवारी फूलको प्रतियोगितात्मक प्रदर्शनी २०७६ भाइटिका तिहारलाई केन्द्रीत गर्ने गरी १० दिने प्रदर्शनीको कार्यक्रम गर्ने जनाएको छ।

काठमाडौं असोज २८ गते ''रापेर फूल गोदावरी, सजाऔं घर वरिपरि'' भन्ने मूल



*१ वटा मालाको ६० देखि १०० रुपैयाँ उपभोक्ताले तिर्नुपर्छ। यसपाली प्रदर्शनीमा प्रवेश गर्न टिकेटङ्ग प्रणाली अपनाएका छैनौं। नेपाल सरकारको ९ र व्यवासयीहरूको ४४ वटा प्रदर्शनी स्टल रहनेछ। सहभागीताको हिसाबले ३५ हजारले अवलोकन गर्ने अनुमान गरि ५० लाख बराबरको कारोवार अनुमान गरिएको छ।*

नाराको साथ १३ औं गोदावरी फूलको प्रतियोगिता प्रदर्शनी २०७६ जावलाखेलको ललितपुरस्थित भलिबल मैदानमा कार्तिक १ गतेदेखि १० गतेसम्म हुने फ्लोरीकल्चर नेपालले जनाएको छ।

मेला प्रदर्शनीको अवसरमा बानेश्वर स्थिति ईन्द्रेणी फाष्टफुडमा पत्रकार सम्मेलनको आयोजना गरि बताएका हुन्।

पुष्प प्रदर्शनीका संयोजक शिवहादुर खड्का र अध्यक्ष कुमार कशजु श्रेष्ठले पत्रकार सम्मेलनमा बताए अनुसार सञ्चारकर्मीहरूबाट सोधीएको प्रश्नको जवाफ दिँदै गण्डकी प्रदेश पोखरामा १२ औं संस्करण पुष्प मेलाको प्रदर्शनीमा सम्पन्न भएको र ११ औं प्रदर्शनी प्रदेश नं १को सुनसरीको धरानस्थिति, तेस्रो पुष्प मेला २०७५ बाँकेको कोहलपुरमा भएको जनाएको छ। ५ वटा जिल्ला कार्य समिति गठन गरि २७ भाद्र १ गते २७ औं साधारणसभा सम्पन्न गरेको एशोसियनले संघको संरचनामा लान प्रदेश स्तरीय बनाउने निर्णय लिएको बताएको छ।

हाम्रो तथ्याङ्क अनुसार पूरानो होइन नयाँ अपडेट गरिरहेको छौं। विगतमा फुलमा अरु कृषि जस्तो हुन सकेको छैन। हाम्रो व्यवसायीहरूको संख्या साँढे पाँचसयबाट साँढे सातसय पुगेको छ। पुष्प बजार सानो छ। यसपालीको तिहारमा २५ लाख मालाको आवश्यकता पर्छ।

श्रेष्ठले आन्तरिक बजारको सम्भावनाको विषयमा प्रश्न गर्दा आन्तरिक बजार विस्तार गर्न पहल गरेका छौं। आत्मनिर्भर हुने प्रयास गर्दै दीर्घकालीन नीति र आयत् प्रतिस्थापन गर्न गईरहेका छौं। हाल १५/२० प्रतिशत मागलाई पूरा गर्ने छ। ५ प्रतिशतका दरले प्रतिस्थापान गर्दै जाने छौं। विगतमा राजनीति विपत्तीबाट आउने अवरोधलाई सामना गर्दै जानु परेको थियो हाल त्यस्तो अवस्था छैन। २ अर्ब ४२ करोड समग्र आयत् हेर्दा घटाउँदै ल्याएको छौं। सरकारलाई पनि फूलको महत्व अनुभूति भएको अनुभव हामीले पनि गरेका छौं। मेलाको संयोजका तथा फ्लोरिकल्चरका उपाध्यक्ष शिवबहादुर खड्काले सयपत्रि फुलमा अनुदान छ। बजारको माग अनुसार हुनुपर्छ भनिरहेका छौं। यसपाली २५ लाख मालाको माग रहने छ। १८ लाख वार्क गोदावरी र मखमली हुनेछ। प्रदर्शनीमा १३ करोडको व्यापार हुने अनुमान गरिएकोछ। १५ लाख नेपाली र २ लाख अन्य देशबाट आयत् गर्नेछ। १ वटा मालाको ६० देखि १०० रुपैयाँ उपभोक्ताले तिर्नुपर्छ। यसपाली प्रदर्शनीमा प्रवेश गर्न टिकेटङ्ग प्रणाली अपनाएका छैनौं। नेपाल सरकारको ९ र व्यवासयीहरूको ४४ वटा प्रदर्शनी स्टल रहनेछ। सहभागीताको हिसाबले ३५ हजारले अवलोकन गर्ने अनुमान गरि ५० लाख बराबरको कारोवार अनुमान गरिएको छ।



# देशमा उत्पादन छैन किन रोकियो भन्छन : मन्त्री खनाल

काठमाडौं असोज १४ गते पशुसेवा विभागको आयोजनामा पशुसेवा विभाग स्थापना तथा विश्व पशुपन्छी दिवस २०७६ कृषि, पशुपन्छी विकास मन्त्री चक्रपाणी खनालको प्रमुख आतिथ्यामा सम्पन्न भएको छ।

हाम्रो लागि पशुपन्छी, पशुपन्छीका लागि हामी, पशुपन्छी अवोध प्राणी हो, उनीहरू प्रति विवेकशील बनौं, पशुपन्छी प्रति गरिने सद्‌व्यवहार, सभ्य नागरिकको आधार भन्ने नाराका साथ आयोजित ७ दिवसीय कार्यक्रमका प्रमुख अतिथि चक्रपाणी खनालले गुणको हिसाबले प्रशंसामा नरमाउने को होला र ? तर मलाई प्रसंशा मन पर्दैन। केही परिमाण समाजले छिट्टै खोज्छन्। मैले धेरै गऱ्यो भन्दा पनि जनताले र आम निकायले केही गरेको छौं भन्नु पऱ्यो। अनुभूत हुनेगरि नेपालको कुना कन्दरामा गएर सेवा गर्नु पऱ्यो।

उक्त कार्यक्रममा क्वारेन्टाइन वा सर्टिफिकेट त मागौं रोग छ कि छैन ? भन्नासाथ यो देशको व्यापारी र विज्ञहरू किन प्रतिवन्ध लगाइस्। देशमा उत्पादन छैन। किन रोकियो भन्ने गर्छन। कार्यन्वयन गरौं भन्दा धेरैको टाउको दुखाइको विषय बनेको छ। ल्याऊ, नियम संगत बेच भनेका हौं। सुनलाई पित्तल भनेर बेच्यो भने ठगी हो। नियम कानून बेगर आउने नेपाल बाहेक अरु कुन देशमा होला र ! प्रतिवन्ध लगायको होइन। संसारभर यस्तो कहाँ छ ? सस्तो महँगो भन्दा पनि देशमा उत्पादन छ कि छैन। उत्पादनमा नलागी महँगो भयो भनेर सुख पाईदैन। पहिचान गरी योजना कार्यन्वयन गर्ने हो। भैरहवाको कृषि फार्ममा २१० जना काम गर्ने कर्मचारी तथा कामदार हुनु पर्नेमा १७० बाट खुम्चिदै १२ जनामा सीमित भएका छन्। फर्मालिन छर्कदै सस्तोमा खानेभन्दा बरु फार्म केन्द्र सुधार गरौं। ९ ठाउँको कृषिका जग्गा प्रयोजनको लागि मागिरहेको छ। मन्त्री खनालले बरु फार्म केन्द्रहरू सुदढ गर्न पर्याप्त बजेट छुट्याउन पहल गर्छु। चन्द्रडाँगी झापा र नवलपुरको फार्मको पनि हालत त्यही छ। माछा, राँगा, अधिकतम् उत्पादन गरौं। बिचौलिया हटाउने हो भने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लागि जोड दिउँ।



*कार्यक्रममा उत्कृष्ठ कृषकहरू सैनामैना बाख्रा फार्मका प्रमुख प्रेमसागर पौडेल, भगीरथ कृषि विकास फार्मका कमल जोशी, बँगुर पालनमा ईलाम चुलाचुलीका वसन्त लावती, माछा पालनमा रामकेवत मुखिया, ललितपुरस्थित बँगुर पालनमा मानध्वज आले मगर, कृषिमा उत्कृष्ठ योगदान पुऱ्याए वापत सम्मानित भएका छन्।*

दुईतिन वर्षमा आत्मनिर्भर हुन्छौं। कागजमा मिठो लेखेर नभई जनताको माग अनुसार पूर्ति गरौं।

त्यसैगरी पुशसेवा विभागका महानिर्देशक डा.वंशी शर्माले अक्टुबर ४ लाई विश्वव्यापी रुपमा पशुपन्छी दिवस मनाउने गरेको बताउनु भयो। देशमा ३५ वटा सेवा केन्द्रहरूबाट देशभर सेवा गरिएका छौं। ९५ प्रतिशत खसी बोकामा समेत आत्मनिर्भर भएकोछौं। माछामा ८५ प्रतिशत, र १० प्रतिशतका दरले यी कमोडिटीमा प्रतिशतको आत्मनिर्भर दर बढ्दै गएको बताउनु भयो। वर्डफ्लू नियन्त्रण कार्यक्रम राम्रो गरेको छ। ८ करोड भ्याक्सिन उत्पादन गर्नु पर्नेमा ६ करोड गत आवमा नै उत्पादन भएको छ। ८० लाख पीपीआर खोप उत्पादन गरेको छ। मासु दैनिक १० मेट्रिक टन खपत हुन्छ बाहिरबाट आएको होइन। नेपालकै माछा भएको बताउनु भएको छ। कृषि अनुसन्धान परिषद्‌सँग समन्वय गरि ६ लाख उच्च नल्स कृत्रिम गर्भाधान रहेको जनाएको छ। पशु आहार, पशु नल्स सुधार उत्पादन बढाउने र चिसो र तातो पानीमा माछा उत्पादन गर्ने योजना बनाउनु पर्छ। राष्ट्रिय खोप प्रयोगशालाबाट ४ करोड भन्दा बढी खोप उत्पादन भएको छ। बाहिर जेआएको छ त्यस्तो नभई क्वारेन्टाइन सशक्त पारेको छौं। यसपालीको दशैमा ३८ जना प्राविधिज्ञहरूलाई काठमाडौंका नाकाहरूमा खटाईएको छ। कुखुराको चल्ला, वर्षे घाँस लगायत उत्पादन कार्यक्रमहरू गरिरहेका छौं। अफ्रिकन स्वाइन फिवर भित्रीन नदिन सतर्कता अपनाएका छौं। धुलो दुग्ध उत्पादनका लागि टिओआर तयारी छ। अक्सन बजारको लागि ३० रोपनी जमिन खोजिरहेका छौं। पशुपन्छी विमा र पोषिलो घाँस नमूना संकलन गर्देछौं। कार्यक्रममा उत्कृष्ठ कृषकहरू सैनामैना बाख्रा फार्मका प्रमुख प्रेमसागर पौडेल, भगीरथ कृषि विकास फार्मका कमल जोशी, बँगुर पालनमा ईलाम चुलाचुलीका वसन्त लावती, माछा पालनमा रामकेवत मुखिया, ललितपुरस्थित बँगुर पालनमा मानध्वज आले मगर, कृषिमा उत्कृष्ठ योगदान पुऱ्याए वापत सम्मानित भएका छन्। त्यसैगरी देवदह नगरपालिका प्रमुख हिराबहादुर केसी लगायत उत्कृष्ट कृषकको रुपमा सम्मान गरेका थिए। कार्यक्रममा ज्ञानोदय उच्च माविमान भवन कक्षा ९ मा अध्ययनरत विद्यार्थी अच्युत भण्डारी, रत्न राज्यलक्ष्मी उच्च माविका रिया परियार, रत्नराज्य मावि बानेश्वरकै कृष्ण जैसी तृतीया, द्धितीय, प्रथम भएका थिए।

पशुपन्छी दिवस कार्यक्रममा पूर्व कर्मचारीहरू गर्भाधान तरल नाइट्रोजन अविष्कार सुरेन्द्र कुमार श्रेष्ठ, वर्डफ्लु नियन्त्रण निलप्रशाद सिंह पुर्व उप-महानिर्देशक। एनीमल न्यूट्रिसन योगदान गरेवापत नित्यध्वज जोशी, पूर्व महानिर्देशक लगायत सम्मानित भएका थिए। चरन विकास केन्द्र प्रमुख इन्द्र कमल शर्मा डडेल्धुरालाई मरणोपरान्त सम्मान गरेका थिए।

# विश्व पशुपन्छी दिवस २०७६
## (World Animal Day, 2019)

**नारा :** पशुपन्छी प्रतिको आत्मियता, आजको आवश्यकता (Affection towards Animals-the Pressent Need)

नेपालमा विश्व पशुपन्छी दिवस :

विश्व पशुपन्छी दिवस सन् १९३१ देखि वातावरण विज्ञहरूको समूहले फ्लोरेन्स सम्मेलनबाट हरेक वर्ष अक्टोवर ४ का दिन विश्व पशुपन्छी दिवस मनाउने कार्यक्रमको थालनी भएको हो। नेपालमा विश्व पशुपन्छी दिवस २०६४ सालबाट मनाउँदै आएको छ। २०७६ साल आश्विन-११ गतेदेखि १७ गते सम्म साप्ताहव्यापी रुपमा तदनुसार सेप्टेम्वर २८ देखि ४ अक्टुवार २०१९ सम्म तेह्रौं विश्व पशुपन्छी दिवस मनाउँदै छौं। यस दिवसको सिलसिलामा पशुपन्छीका ५ वटा स्वतन्त्रताको बारेमा वहस तथा पैरवी गरिन्छ।




१. पशुपन्छीहरूको भोग प्यास मेटाउन पाउने स्वतन्त्रता।
२. आरामदायी ढंगले जिउन पाउने स्वतन्त्रता।
३. दुःख, दर्द, घाइते र रोग लाग्नबाट बच्न पाउने स्वतन्त्रता।
४. आफ्नो सामन्य व्यवहार प्रस्तुत गर्न पाउने स्वतन्त्रता।
५. डर, त्रास र तनावबाट मुक्त रहन पाउने स्वतन्त्रता।

पशु सेवा विभाग र मातहतका कार्यलयहरूले सरकारी स्तरमा सप्ताहव्यापी रुपमा विश्व पशुपन्छी दिवस मनाउने गरेको पशु कल्याणको क्षेत्रका काम गर्ने विभिन्न गैह्र-सरकारी संस्था तथा पशु अधिकारको क्षेत्रमा सम्वद्ध संघ-संस्थाहरूले पनि विश्व पशुपन्छी दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाउँदै आएका छन्।

पशु कल्याणको क्षेत्रमा नेपाल सरकारबाट भएको प्रयासहरू।

- समग्र पशु सेवाको कार्यक्रमहरू पशु कल्याण प्रवर्द्धनसँग सम्बन्धित रहेको।
- सामुदायिक अनुत्पादक पशु वस्तुहरूलाई एकीकृत गरी पशु कल्याण कार्य गर्ने संघ-संस्थाहरू र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूको सहकार्य गरी उक्त अनुत्पादक पशु वस्तुहरूको व्यवस्थापनमा सहयोग गरिएको छ।
- पशु कल्याण निर्देशिका २०७३ जारी गरिएको छ।
- पशु ढुवानी मापदण्ड जारी गरिएको छ।

जनचेतनामूलक कार्यहरू अनुवांशिक स्रोत संरक्षण लगायतका कार्यक्रमहरू सञ्चालन भईरहको छ।

पशु स्वास्थ्य तथा पशुसेवा ऐन २०५५ को दफा २७ मा पशु प्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्ने प्रावधान रहेको।

मुलुकी अपराध(संहिता)। ऐन २०७४ को दफा २८९ र २९० मा पशु कल्याण सम्बन्धी कानूनी व्यवस्था।

**कानूनी प्रावधानको अभाव :**

-पशु कल्याणको क्षेत्रमा प्रभावकारी रुपबाट कार्यक्रम सञ्चालन गर्न पशु कल्याण ऐनको खाँचो रहेको छ।

**विश्व पशुपन्छी दिवस सम्बन्धी अन्य विषयहरू :**

- पशुपन्छी मैत्री ढुवानी व्यवस्था मिलाउनु पर्ने।

(नाकमा नत्थी लगाई, पुच्छरमा डोरीले बाँधी ट्रकमा साँघुरो गरी राँगा/भैंसीहरूको ढुवानी र साइकल, मोटर साइकलको उधोमुन्टो झुण्ड्यार जिउँदो कुखुरा ढुवानी गर्ने कार्यहरू बन्द हुन जरुरी छ)।

- पशुपन्छीहरू अवोध प्राणी भएता पनि उनीहरूको पनि दुःख दर्दको भावना र माया प्रेम हुन्छ। पशुपन्छीहरूलाई दुःख दिएर दुःखी हुने दया माया गरे रमाउने र मानिसको सहयोगी भई मद्दत गर्ने गर्छन।
- देशको सभ्यता त्यहाँको पशुपन्छी प्रति गरिने व्यवहारबाट झल्किन्छ। अतः मानव जातिले पशुपन्छीको पाँच स्वतन्त्रताहरूको रक्षा एवं समूचित व्यवस्थापन गर्न जरुरी छ।
- सम्पूर्ण प्राणी जगतको रक्षा गरी वातावरण सन्तुलन समेत कायम राख्ने पशुपन्छीहरूको संरक्षण गर्नुपर्ने जिम्मेवारी विवेकशील मानव जातिको काँधमा रहेको छ।
- सोही जम्मेवारीलाई पूरा गर्न मानवीय कार्यहरूबाट पशुपन्छीहरूमा सकारात्मक प्रभाव परोस् भन्ने उद्देश्यले पशुपन्छी, यिनीहरूको वासस्थान र वातावरण सम्बन्धी जनचेतना जगाउनुका साथै पशुपन्छीहरू प्रतिको कर्तव्य वोध गराई नकारात्मक सामाजिक मान्यता र कुरीतिहरूलाई समेत हटाउनको लागि नेपालमा विश्व पशुपन्छी दिवस मनाउँदै आएको छ।

**सप्ताहव्यापी कार्यक्रम :**

साप्ताहव्यापी कार्यक्रम ११ गते देखि १ गते सम्म निवन्ध प्रतियोगिता, विभागस्थित आ-आफ्नो कार्यालय परिसर सरसफाई, प्रेसमिट, प्रभात फेरि, गोकर्णस्थित गौशालामा पशु कल्याण कार्यक्रम, विश्व पशुपन्छी दिवसका बारे प्रचार प्रसार रहेको छ।

आयोजक नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशुसेवा विभाग, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यलय हरिहर भवन ललितपुर





# १३ औं गोदावरी फुलको प्रतियोगितात्म प्रदर्शनी २०७६
## प्रेस विज्ञाप्ति

सर्वप्रथम हाम्रो निमन्णालाई स्विकार गरी उपस्थित हुन भएका सम्पूर्ण सञ्चारकर्मी मित्रहरूलाई फ्लोरिकलचर एशोसिएन नेपालको तर्फबाट हार्दिक स्वागत गर्दछौं।

आज हामीले १३ औं गोदावरी फूलको प्रतियोतितात्मक प्रदर्शनी २०७६ बारे जानकारी गराउने उद्देश्यले यो पत्रकार सम्मेलन आयोजना गरेका हौं। यस प्रदर्शनी मेलालाई प्रभावकारी र सफल बनाउने सञ्चार जगतको महत्वपूर्ण भूमिका हुने भएको हुँदा यस प्रदर्शनीमा मेला बारे प्रचारप्रसार गर्नमा यहाँहरूको पूर्ण सहयोग रहने छ भन्ने आशा लिएका छौं।

उपस्थित सञ्चारकर्मी मित्रहरु

सर्वप्रथम तत्कालिन शाही वनस्पति उद्यान, गोदावरीले वि.सं २०५३ सालदेखि गर्दै आएको गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी तथा व्यापार मेला वि.सं. २०६४ देखि २०७० सालसम्म कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम कृषि विभाग आयोजना तथा फ्लोरिकल्चर एशोशिएसन नेपाल सह-आयोजक भई गोदावरी मेला सञ्चालन गरेका थियौं वि.सं. २०७१ देखि २०७४ सम्मको नेपाल सरकार कृषि विकास मन्त्रालयको सहयोगमा फ्लोरिकल्चर एशोसिएसनले नेपालको आयोजना गरेको थियो। देश संघीय गणतन्त्रमा रुपान्तरण भईसके पछि गत वर्ष प्रदेश सरकार, प्रदेश नं. ३ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, पुष्प विकास केन्द्रको सहयोगमा सञ्चालन भएको थियो। तर यस वर्ष सरकारीस्तर तथा कुनै संघ-सस्थाबाट सहयोग नभएकाले यस फ्लोरिकल्चर एशोसिएसन नेपालको आफ्नै स्रोत परिचालनबाट १३ औं संस्करणको रुपमा नजिकै आइरहेको तिहार तथा छठ पर्वलाई समेत लक्षित गरी गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीको आयोजना गर्न लागि रहेको जानकारी गराउन चाहान्छौं। यसै सन्दर्भमा गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी यही २०७६ कार्तिक १ देखि ४ गतेसम्मा जावलाखेलको खेल मैदान, ललितपुरमा सञ्चालन हुनेछ। नेपालीहरूको महत्वपूर्ण पर्व तिहार नजिकीदै गर्दा घर आँगन बगैंचा सजाउन तथा स्वागत सत्कारमा विशेष प्रयोग गरिने गोदावरी फूलको व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना गर्न लागिएको यस प्रदर्शनीको नारा 'रोपेर फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि' भन्ने रहेको छ। समय अनुकूल पुष्पको जातिए विकास एवं गुणस्तरीय उत्पादनमा सहयोग पुऱ्याउनका लागि यस किसिमको कार्यक्रमहरू आयोजना गर्ने गरेको छौं।

*यस वर्षको मेलाको बहिरी देशबाट माउबोटको रुपमा आयत् गरी उत्पादन विस्तार गरिएको करिब १६ नयाँ प्रजातिको गोदावरी फूलको समेत प्रदर्शनी समावेश गरिने छ। जसले गर्दा यस मेलाको अझ आकर्षण पैदागरी पुष्पप्रेमी महानुभावहरूको चाहनालाई पूरा गर्न सहयोग गर्ने छ।*

गोदावरी पुष्प प्रतियोगितात्मक प्रदर्शनीको उद्देश्य मुख्यातः पुष्प व्यवसायीहरूलाई व्यवसायिक प्रवर्द्धनमा हौसला प्रदन गर्ने र व्यवसायिहरू बिच प्रतिस्पर्धात्मक भावनाको विकास गरी गुणस्तरीय उत्पादनमा टेवा पुऱ्याउनु रहेको छ। पुष्प व्यवसायहरूले उत्पादन गरेको फूलको बजार क्षेत्र विस्तार तथा प्रवर्द्धन गर्ने सन्दर्भमा यस प्रकारको मेला प्रदर्शनीको आयोजनाबाट पुष्प प्रेमी उपभोक्ता बढ्न जाने भई बजार विस्तार गर्न सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ। फूल बिरुवाको जातिय विकास सँगै गुणस्तरीय उत्पादनले मात्र उपभोत्ता आकर्षित हुने हुँदा पुष्प व्यवसायी बिच प्रतिस्पर्धा गराइने छ। प्रतिस्पर्धामा समावेश भएको नर्सरीहरूलाई प्रथम, द्वितीय तथा तृतीय घोषणा गरि शिल्ड, नगद र प्रमाण पत्रद्धारा पुरस्कृत गरिने छ। यस्तो प्रतियोगिताले उत्पादकहरूको स्वच्छ प्रतिस्पिर्धाको वास भई गुणस्तरीय फूल बिरुवाहरू उत्पादन गर्न सघाउका पुऱ्याउनुका साथै क्षमता अभिवृद्धि हुने विश्वास हामीले लिएका छौं।

मेलामा व्यवसायिक स्टल ४४, सूचनामूलक ४ र गोदावरी फूलको प्रतिस्पर्धात्मक प्रदर्शनी स्टल १ सहित जम्मा ४९ वटा प्रदर्शनी कक्षाहरू रहने छन्। यस मेलामा नेपालमा विगत वर्ष देखिनै व्यवसायिक उत्पादन हुँदै आएको विविध जातको गोदावरी फूल बिरुवाहरूको साथै यस वर्ष भित्रिएको गोदावरी फूलको केही नयाँ प्रजातिको फूल बिरुवाहरूको समेत प्रदर्शनी तथा बिक्री वितरण हुने छन्। यसको साथै यस सिजनमा फूल्ने सयपत्री, मखमली फूलको बिरुवाहरूको समेत प्रदर्शनी तथा बिक्रीवितरण हुनेछन्। यसको साथै यस सिजनमा फुल्ने सयपत्री तथा अन्य सिजनल फूल बिरुवाहरूको समेत प्रदर्शनीमा समावेश हुने छन्।

यस मेलाबाट पुष्प व्यवसाय सञ्चालन गर्न चाहने, घर आँगन तथा बगैंचा सजाउन चाहने फूल, फूल बिरुवा प्रति अभिरुची राख्ने यस सम्बन्धी ज्ञान हासिल गर्न चाहने सबैको निम्ति उपयोगी हुने विश्वास हामीले लिएका छौं। पुष्प व्यवसायको क्षेत्रमा भए गरेका नयाँ-नयाँ प्रविधि र उपलब्धि सहितको जानकारी पनि मेलास्थलमा नै प्राप्त गर्न सकिने छ।

यस वर्षको मेलाको बहिरी देशबाट माउबोटको रुपमा आयत् गरी उत्पादन विस्तार गरिएको करिब १६ नयाँ प्रजातिको गोदावरी फूलको समेत प्रदर्शनी समावेश गरिने छ। जसले गर्दा यस मेलाको अझ आकर्षण पैदागरी पुष्पप्रेमी महानुभावहरूको चाहनालाई पूरा गर्न सहयोग गर्ने छ।

मेलाको प्रदर्शनीको आयोजनाबाट प्रत्यक्ष एवं परोक्ष रुपमा पुष्प व्यवसायको विकास विस्तार तथा प्रवर्द्धनमा महत्वपूर्ण सघाउ पुगेको हामीले महशुस गरेका छौं। फ्लोरिकल्चर एशोसियसन नेपालको स्थापना काल देखिनै पुष्प व्यवसायमा आईरहेको विभिन्न चुनौंती तथा समस्याहरू चिर्दै सम्भावनालाई पहिल्याउँदै सम्पूर्ण पुष्प व्यवसायीहरूको हकहितको लागि निरन्तर रुपमा नेपालमा पुष्प व्यवसायको समग्र विकास, विस्तार तथा प्रवर्द्धन गर्दै आइरहेको छ।

नेपालमा वि.सं. २०११ बाट सामान्य स्तरमा शुरु भएको पुष्प व्यवसायले आ.व. २०७५/०७६ सम्ममा आईपुग्दा ७०० भन्दा बढी पुष्प

आयोजना अभियानको रुपमा सञ्चालन गर्नु पर्दछ

**ख. उत्पादनको समस्या**

(१) आधुनिक प्रविधि

कृषि उत्पादनमा आधुनिक प्रविधि टालटुले प्रकारले प्रयोगमा आईरहेको छ। विदेशबाट आधुनिक प्रविधि भित्र्याउने नाममा अनुदानमा आधारित कमसल र अयोग्य प्रविधि भित्रिरहेका छन्।

१.सर्वप्रथम राष्ट्रिय कृषि उत्पादन बढाउन कमिशनयुक्त टालटुले अनुदानलाई पूर्ण रुपमा बन्द गरेर सरकारकै प्रत्यक्ष निगरानीमा आधुनिक कृषि प्रविधिको अनुसन्धान, उपयोग र त्यसलाई प्रभावकारी कार्यन्वयनमा लैजानु पर्दछ।

कृषि उद्योगको स्थापनाका लागि राष्ट्रिय अभियान सञ्चालन गर्नु पर्दछ। त्यसका लागि आधुनिक प्रविधको प्रयोग, विकास र सम्वर्द्धनका लागि राष्ट्रिय नीति आवश्यक पर्दछ। स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको आधारमा नै किसानलाई उत्पादनमूखी अभियानसम्म जोड्न सकिन्छ।

(२) राष्ट्रिय रुपमा कृषि प्राविधिक र कृषि विज्ञको अभाव छ। सरकार मातहत जे जति कृषि प्राविधिक र विज्ञहरू छन्। तिनीहरू योजना बनाउने र कार्यन्वयनको नाममा सिंहदरवार वरिपरि छन्। ती सबै अयोग्य सावित भएका छन्। तिनीहरूलाई खेतीबारी र किसानको पहुँचमा पुऱ्याउनु पर्दछ। कृषि मन्त्रालय, विभाग र प्रधानमन्त्री कृषि कार्यक्रम लगायतका प्रोजेक्टहरू कृषि, पशुपालन, फलफूल आदि वृद्धिका लागि प्राय: असफल देखिन्छ।

**ग. बजारको समस्या :**

कृषि क्षेत्रमा कृषि उत्पादनको बजार प्रमुख समस्या हो। जब किसानले उत्पादन गर्दछ। त्यसले बजार मूल्य पाउँदैन। यसमा सरकारको प्रत्यक्ष भूमिका रहने गरेको छैन। किसानहरू पलायन हुँदै गईरहेका छन्। यसले शहर र अरबतिर जानेहरूको संख्या वृद्धि भईरहेको छ। सर्वप्रथम बजारको लागि सरकारले हस्तक्षेपकारी भूमिका खेल्नु पर्दछ।

माथिको समस्याका आधारमा निम्न अनुसारको कार्यक्रम बनाउनु पर्दछ।

१.क्वारेनटाइनलाई कडाइपूर्वक कार्यन्वयन गर्नु।

२. बाहिरबाट आयत् हुने कृषिजन्य उत्पादनलाई निरुत्साहित गर्नु पर्छ।

३. कृषि उत्पादनको निकासीलाई सरकारले कार्यन्वयनमा लैजान सक्नु पर्छ।

*केन्द्र, प्रदेश र स्थानीय सिंहदरवार वरिपरि होइन, कृषि अनुसन्धान, उत्पादन र किसानको खेतबारीमा पुऱ्याउनु पर्दछ। ठूलो संख्यामा कृषि विज्ञ प्राविधिकहरू उत्पादन गरी उनीहरूलाई राष्ट्रिय अभियानको रुमपा सञ्चालन गरी कृषि उत्पादन र किसानको जमिनसँग पुग्ने नीति बनाउनु सक्नु पर्दछ।*

४. बजारको अवस्थालाई ध्यानमा राखेर उत्पादनको राष्ट्रिय योजना बनाउनु पर्छ।

५. किसानले उत्पादन गरेको वस्तुहरूको बिक्रीको ग्यारेन्टी सरकारले गर्नु पर्छ।

६. विचौलिया प्रवृतिलाई बन्द गरी त्यसको विकल्प कृषि सहकारी अभियानलाई सरकारकै अग्रसरतामा अभियानका रुपमा सञ्चालन गर्नु पर्छ।

७. कृषि सहकारी अभियानलाई उत्पादन, वितरण र बजारको व्यवस्थापनमा जोडेर लैजान सक्नु पर्दछ।

वहुराष्ट्रिय कम्पनीबाट उत्पादित विउविजन भित्र्याई राष्ट्रिय कृषिलाई परनिभर्रता साथै मानव स्वास्थ्यमा नाश गर्ने प्रविधि भित्र्याउने सरकारी नीति छ यसको आयात बन्द गरिनु पर्दछ। र स्वादेशमै उत्पादन गर्ने अनुसन्धान केन्द्र खडा गरिनु पर्दछ। आधुनिक प्रविधिहरू आवश्यक रुपमा मात्र सरकारको नियन्त्रणमा आयत् गरिनु पर्दछ।

८. किसान र कृषि उत्पादनमा विज्ञहरूको कमी रहेको छ। जे जति भएको कृषि विज्ञ र प्राविधिहरू छन्। तिनीहरूलाई केन्द्र, प्रदेश र स्थानीय सिंहदरवार वरिपरि होइन, कृषि अनुसन्धान, उत्पादन र किसानको खेतबारीमा पुऱ्याउनु पर्दछ। ठूलो संख्यामा कृषि विज्ञ प्राविधिकहरू उत्पादन गरी उनीहरूलाई राष्ट्रिय अभियानको रुमपा सञ्चालन गरी कृषि उत्पादन र किसानको जमिनसँग पुग्ने नीति बनाउनु सक्नु पर्दछ।

**आन्दोलनका विषयहरू :**

१.क्रान्तिकारी भूमि सुधार लागु गरिनु पर्दछ।

२. मोहियानी हक पूर्ण रुपमा कार्यन्वयन गरिनु पर्दछ।

३. गुठीका समस्या हल गरिनु पर्दछ। गुठी जमिन जोत्नेको हुनु पर्दछ।

४. केन्द्र, क्षेत्र र स्थानीय तहमा विषयगत कृषि अनुसन्धान केन्द्र स्थापना गर्नु पर्दछ।

५. कृषि विश्वविद्यालय, कृषि कलेज स्थापनामा वृद्धि गरिनु पर्दछ। पाठ्यक्रममा कक्षा १२ सम्म कृषिलाई अनिवार्य गरिनु पर्दछ।

६. क्वारेनटाइनलाई कडाईपूर्वक लागु गरिनु पर्दछ।

७. कृषिजन्य उत्पादनको आयतलाई पूर्व रुपमा निरुत्साहित गरिनु पर्दछ।

८. कृषि उद्योगहरू स्थापना गरिनु पर्दछ।

९. कृषि उत्पादनका लागि बिजुली पूर्ण रुपमा छुट हुनु पर्दछ। कृषिमा सरकारी अनुदान बढाउन पर्दछ। कृषि उत्पादनमा लाग्ने भए, कर जस्तो सरकारी आर्थिक नियन्त्रणलाई बन्द गर्नु पर्दछ।

१०. अहिलेको सहकारी विकृतिलाई बन्द गरी कृषि सहकारी अभियानलाई राष्ट्रिय अभियानको रुपमा सञ्चालन गरिनु पर्दछ।

११. गार्हस्थ उत्पादनमा कृषिको योगदान घटिरहेको देखिन्छ। कृषिको योगदान बढाउन राष्ट्रिय कृषि अनुसन्धान उत्पादन र वितरण अभियान आवश्यक छ। यस अनुसार बजेट विनियोजन गरिनु पर्दछ।

१२. मन्त्रालय देखि स्थानीय निकायसम्म चल्ने प्रत्यक्ष र अप्रत्यक्ष कमिशन, ठेक्कापट्टा लगायत सरकारी माल खरिदमा पाउने कमिशनलाई भ्रष्टाचारको सूचीमा राखी कारवाही चलाउनु पर्दछ। यसप्रकारको भ्रष्टाचार पूर्ण रुपमा बन्द हुनु पर्दछ।

१३. सिँचाई व्यवस्था कमजोर छ। त्यसलाई राष्ट्रिय अभियानको रुपमा सञ्चालन गर्नु पर्दछ।

१४. कृषिजन्य उत्पादनको निकासीको लागि राज्यले पहल गर्नु पर्दछ।

१५. कृषिमा विदेशी लगानी पूर्ण रुपमा बन्द गरिनु पर्दछ।

१६. खाद्य सम्प्रभुत्ताको सुरक्षा राज्यले दिनु पर्दछ।

१७. बजार र उत्पादन माथि आधिपत्य जमाउने वहुराष्ट्रिय निगमहरूका प्रत्यक्ष वैदेशिक लगानीलाई निरुत्साहित गर्नु पर्दछ। राज्यबाट उत्पादन, मूल्य र बजारलाई नियमन गर्नु पर्दछ।

१८. विश्व व्यापार सङ्गठन (डब्लुटीओ) लाई कृषिबाट अलग गर्नु पर्दछ। किसानलाई आर्थिक रुपमा विदेशी तथा वाह्य बजारबाट संरक्षित गर्नु पर्दछ।

१९. कृषि उत्पादन, प्रशोधन र वितरणमा सहकारी तथा सामूहिक मोडेललाई प्रवर्द्धन गर्नु पर्दछ।

२०७६ भाद्र २७ गते अखिल नेपाल किसान महासंङ्घ (ए.पी.एफ.ए),

अखिल नेपाल किसान महासंङ्घ (क्रान्तिकारी)को संयुक्त आयोजनामा प्रस्तुत कार्यपत्र।



# कृषिमा महिलाहरूको अहंम भूमिका रहेको थियो प्रदेश नं ३ प्रमुख : कोइराला

काठमाडौं असोज १० गते डेरि एशोसिएसन नेपालको नवौं साधारणसभा पुल्चोकस्थित होटल नारायणीमा प्रदेश नं ३ का प्रमुख अनुराधा कोइरालाको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि अनुराधा कोइरालाले दिन प्रतिदिन नेपालको युवाहरू विदेशिदै गएको प्रति चिन्ता व्यक्त गर्दै वृद्धवृद्धा र महिलाहरूले नेपालको कृषिलाई धानिरहेको बताउनु भयो। त्यस्तो अवस्थामा विशेष गरी महिलाहरूलाई यस क्षेत्रमा बढी भन्दा बढी रोजगारी सिर्जना गरि सबभन्दा पहिले महिलाहरूलाई रोजगार उपलब्ध गराउने आग्रह गर्नु भएको छ। कोइरालाले 'पत्रिकाहरूमा सुन होइन प्याज चाहियो भनेर



कार्टुन प्रकाशन गरेको उदाहरण दिँदै चितवनका महिलाहरूले दुध उत्पादन गरि साइकलमा दूध राखी वितरण गरेको बताएका थिए।

कृषिमा महिलाहरूको अहंम भूमिका रहेको थियो, रहेको बताउँदै कृषि प्रधान देशमा कृषिका प्रत्येक वस्तु परनिर्भर बन्दै गएको प्रति चिन्ता व्यक्त गर्नु भएको थियो। उहाँले सियोदेखि ठूलो प्रविधिसम्म विदेशबाट ल्याउन परेपछि कसरी देशको विकास हुन्छ ?

नेपाल अहिलेको श्रम बजारमा भारत हुँदै काजस्तिान हुँदै अरब र युरोपका श्रम बजारमा प्रवेश गरेको बताउनु भयो। 'माइग्रेशन रोक्नु पहल गर्नु पऱ्यो।' कोइरालाले मेरो छोरो अष्ट्रेलिया, अमेरिका र यूरोपमा पढ्न गयो भनेर गौरव गर्नु पर्ने वियष नभएको बताउनु भयो। जहाँ गए पनि खाने दालभात तरकारीनै हो। महिलाहरूलाई सशक्तिकरण हुनदिनु पऱ्यो।

डेरि एनडिएका प्रधान सम्पादक श्यामप्रसाद सिंहले पाउडर दूधको इस्यु आएकाले डेरी क्षेत्रलाई सहयोग र सद्भावको आवश्यक रहेको बताउनु भयो। कार्यक्रममा विभिन्न व्यक्तिहरूलाया डेरि क्षेत्रमा योगदान पुऱ्याए वापत सम्मा गरेको थिए।

कार्यक्रममा डेरि क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने विज्ञ, सल्लाहकार, गन्यमान्य व्यक्तिहरूको उपस्थित रहेको थियो। अध्यक्षता डेरि एशोसिएसनका अध्यक्ष टेक बहादुर थापाले गर्नु भएको थियो।

# शुभकामना आदान प्रदान

काठमाडौं १५ असोज कृषि, पशुपन्छी विकास मन्त्री चक्रपाणी खनालले देशको कृषि अगाडि बढाउन योजना र समस्याको पहिचान भईसकेकोले कार्यविधी बनाई कार्यन्वयन गर्न बाँकी रहेको बताउनु भएको छ।

उक्त कुरा २०७६ वडादशै, दिपावाली तथा छठ पर्वको अवसरमा मन्त्रालयमा शुभकामना आदान प्रदान गर्न आयोजित पत्रकार भेटघाट कार्यक्रममा बताउनु भएको हो।

सोही अवसरमा दशैमा खसीबोका, राँगा आउँदैन भनिरहेका छन् त्यस्तो हुँदैन। सीमानापारबाट अवैध रुपमा ल्याउने भनेर भ्रम आएपनि नियमित क्वारेनटाइन चेक जाँच गरेर आउने गरेका छन्। क्वारेन्टाइन संसारभर गर्ने चलन छ।

कृषि क्षेत्रमा प्रर्याप्त टिम भएर गरेको जस्तो मलाई लाग्दैन। कृषिलाई क्षेत्र बनाएर लाग्नु पर्छ भनेर लागेको धेरै भएको छैन। कृषिको व्यवस्थापन वर्गिकरण योगदानको आधारमा निवृतिभरण र परिचय पत्रको आधारमा संसार भर त्यसको व्यवस्थापन गर्न लागेको देखिन्छ। यी कुरा सम्प्रेशण गर्ने हो भने किसानमा हौसला हुन्छ। अब किसानले मल नपाउने स्थिति आउन दिनु हुँदैन। भारतको कपितय कृषि उत्पादनमा भारत सरकारको शेयर छ। त्यस्तो पनि गर्नु पर्छ। नीतिमा समेत हल गर्ने गरि उठाएको छु। दुईतीन वर्षमै राम्रो परिणाम आउने देखिन्छ। विषादी जाँच ऐन पास भएको छ। ५ वटा ल्यावको लागि १५ करोड बजेट छुट्याएकोछ।

कृषिलाई बैंकिङ्ग क्षेत्रमा जोड्न सकेको छैन। सहुलियत दरको कर्जा दिन सकिएको छैन। ५ प्रतिशत व्याज अनुदान दिएका छौं। कृषिको लगानी ऋण अन्य क्षेत्रले लाने गरेका छन्। २०४८ सालदेखि कृषि विकास बैक कमर्शियलमा गएको छ। पहिले कृषि मन्त्रालयकै थियो। अब सरकारले सहुलियत कर्जाको व्यवस्थापन गर्नेछ। अन्य रोजगार सिर्जना गर्ने १ जनाबाट १०० जनाले गर्ने ठोस कार्यक्रम नगरीकन सम्भव छैन। किसान, गरिब परिचय पत्रमा समावेश छैन। परिचय पत्र पाउनेलाई मात्र सहुलियन ऋण उपलब्ध गराएको छ। योगदानमा आधारित पेन्सन १०० मा १०० थपगारि दिनेछ। किसान मजदुरको जस्तो मालिक हुँदैन। किसान बैंकमा जान्छ त्यसका लागि २१ करोड बजेट छुट्याएका छौं।

त्यसैगरी कृषि राज्यमन्त्री रामकुमारी चौधरीले पत्रकारहरूबाट सकारात्मक सन्देश दिने गरी कृषि क्षेत्रमा समाचार सम्प्रेशन गर्न नपुगेको बताउँदैन। कृषि क्षेत्रमा लाग्ने पत्रकारहरूको भूमिका महत्वपूण हुने बताउनु भयो।

# फलेन गरिमा धान

काठमाडौं/धेरै फल्ने उन्नत जातको गरिमा भन्दै किसानलाई बिक्री गरिएको धानको बीउ अर्कै जातको भएको पाइएको छ । असोज बित्दासमेत बाला नलागेपछि कृषि अनुसन्धान परिषद् (नार्क) ले गरेको डीएनए परीक्षणमा बीउ गरिमाको जातसँग नमिलेको हो ।

चितवन खैरहनीका कृष्ण लामा बाला नलागेपछि हरियै धानको बोट काट्दै ।

भारतको रेनोभा सिड्स साइन्स इन्डिया प्रा.लि.ले उत्पादन गरेको बीउ साउथ इस्ट एसियन सिड कम्पनी प्रा.लि.ले ल्याएर नेपालमा बेचेका थिए । 'पञ्जीकरण भएको गरिमा र अहिले बाला नलागेको धानको बीउको वंशाणुगत गुण र चरित्र मिलेन,' नार्कका वैज्ञानिक सुशील सुवेदीले भने, 'गरिमा भनी किसानलाई अर्कै बीउ बेचेको पाइयो ।

बीउ नक्कली पुष्टि भएपछि सरकारले उत्पादन गर्ने भारतीय कम्पनीमाथि छानविन गर्न परराष्ट्र मन्त्रालयमार्फत पत्राचार गर्ने तयारी गरेको छ । नेपालस्थित आयात्कर्ता कम्पनीको बीउ कारोवार इजाजतपत्र खारेज गर्न कृषि मन्त्रालयलाई सिफारिस गरिएको छ । यस्तै, क्षति मूल्याङ्कन गर्न बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख मदन थापाको संयोजकत्वमा समिति गठन गरिएको छ । समितिलाई एक महिना समय दिइएको छ ।

बीउबिजन केन्द्रका अनुसार गरिमा हाइव्रिड धान नेपालमा २०७२ सालमा दर्ता भएको थियो । यसको पाक्ने अवधि १२० देखि १२५ दिन हो । बोटको उचाई १०० देखि १०५ सेन्टिमिटर हुन्छ भने उत्पादन क्षमता ५.८ देखि ६.३ मेट्रिक टन हो । गरिमा हाइव्रिडको मसिनो दाना हुन्छ ।

यो जातको धान तराई र भित्री मधेशमा सिफारिस गरिएको छ । यस वर्ष वितरण गरिएको बीउ भने ढिला पाक्ने प्रकृतिको रहेको नार्कले जनाएको छ । यो नक्कली बीउ मुलुकभर करिब १७ टन आयात् गरी बिक्री गरिएको थियो । यो बीउ लगाएको हजारौं रोपनी क्षेत्रफलमा धानवाली पसाएकै छैन । बाला नलागेपछि किसानले हरियै गाँज काट्न थालेका छन् ।

गरिमा हाइव्रिड बीउको स्रोत रिनोभा सिड साइन्स इन्डिया प्रा.लि. हैदरावादमा छ । नेपाल आयात् गर्ने साउथ इस्ट एसियन सिड कम्पनी प्रा.लि.का सञ्चालक देवानजंङ्ग चौधरी हुन् । चौधरीको कम्पनीले तीन पटक बीउ आयात् गरेको थियो । पहिलो लटमा आयात् गरिएको बीउमा समस्या नदेखिए पनि दोस्रो र तेस्रो लटमा गुनासो आएको उनले बताए । 'बीउ उत्पादनकै क्रममा केही समस्या हुन सक्छ । उत्पादक कम्पनीलाई जानकारी गराएको छु,' उनले भने, 'यसमा मेरो गल्ती छैन । उतैबाट गरिमा भनेर त्यस्तो बीउ दिएछ ।'

चौधरीले आयात् गरेको बीउ सबैभन्दा बढी चितवनमा बिक्री भएको थियो । त्यहाँ प्रशान्त



एग्रोभेटले बीउ बिक्री गरेको थियो । १३ हजार ४ सय ४ के.जी. खरिद गरेको एग्रोभेटले चितवनमा मात्रै ९ हजार के.जी. बेचेको थियो । बाँकी ४ हजार ४ सय ४ केजी रौतहट, नवलपरासी, नुवाकोट, लमजुङ, गोरखा र तनहुँलगायत जिल्लामा बिक्री गरिएको थियो । डीएनए प्रतिवेदन विहीबारै राष्ट्रिय बीउबिजन समितिमा पेस गरिएको छ । बीउबिजन समितिका सदस्य सचिव एवम् बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र प्रमुख थापाले हाइव्रिडका नाममा गडवडी भएको बताए ।

अरू धान काट्ने बेला भइसक्दा गरिमा भनिएको धान नपसाएपछि राष्ट्रिय धान वाली अनुसन्धान कार्यक्रम धनुषाका धान संयोजक रामवरण यादवको संयोजकत्वमा कृषि मन्त्रालयले अध्ययन समिति गठन गरेको थियो । समितिले स्थलगत अध्ययन गरी तयार पारेको प्रतिवेदनमा पनि गरिमा हाइव्रिडसँग मेल नखाएको उल्लेख थियो ।

'यसमा वाला निस्कन थप २० देखि २५ दिन र पाक्ने अवधि पनि दर्ता गरिएको गरिमा हाइव्रिड धानको भन्दा करिब १ महिना बढी लाग्ने देखियो,' प्रतिवेदनमा भनिएको छ, 'दर्ता गरिएको गरिमा जातको हाइव्रिड धान र स्थलगत निरीक्षण गरिएको धानको जातीय विशेषता (विशेषगरी वाली अवधिमा) फरक पाइयो ।' स्थलगत परीक्षणपश्चात् नार्कले प्राविधिक (डीएनए) परीक्षण गरेको हो ।

थापाको नेतृत्वमा बनेको क्षति मूल्याङ्कन समितिमा प्रदेश, स्थानीय तहका प्रतिनिधि, ज्ञान केन्द्र, धान वैज्ञानिकलगायत छन् । वास्तविक खेती र क्षति मूल्याङ्कन गरेर कृषि मन्त्रालयमा पेस गर्ने र त्यसपछि कृषि मन्त्रालय र प्रदेश सरकारले क्षतिपूर्ति निर्क्योल गर्ने समिति संयोजक थापाले बताए ।

उनका अनुसार विहीबार बीउबिजन बोर्ड बैठकले आयातकर्ताको लाइसेन्स र गरिमा हाइव्रिडलाई बीउ सूचीबाट खारेज गर्न मन्त्रालयलाई सिफारिस गरिसकेको छ । खारेज भने मन्त्रिपरिषद्बाट गराउनुपर्छ । 'अब आयात्कर्ताको कारोवार स्वत: रोकिन्छ । लाइसेन्स खारेज हुन्छ,' थापाले भने, 'जरिवाना तथा क्षतिपूर्ति भराउनुपर्ने हुन्छ ।' केन्द्रका अनुसार आयात्कर्ता क्षतिपूर्ति दिन मौखिक रूपमा तयार छ ।

नार्कका वैज्ञानिक सुवेदीले आयात्कर्तालाई बीउ उत्पादक कम्पनीले ठगेको भए भारतीय कम्पनीलाई पनि कारवाही हुनुपर्ने बताए । 'त्यसका लागि परराष्ट्र मन्त्रालयमार्फत प्रक्रिया अगाडि बढाउनुपर्छ, । उनले कानुनी रायका आधारमा कारवाही प्रक्रियामा जानुपर्ने बताए ।

कृषिमन्त्री चक्रपाणि खनालले गत सोमबार कान्तिपुरसँग डीएनए परीक्षणको प्रतिवेदन पछि आयात्कर्तालाई मुद्दा चलाउने बताएका थिए । उनले अर्थ मन्त्रालयको सहमति लिएर किसानलाई क्षतिपूर्ति दिने पनि बताएका थिए । त्यसका लागि मन्त्रि परिषद्बाट टुंगो लगाउने भनाई रहेको छ । कृषि सह-सचिव सवनम् पोखरेलले पनि नियमअनुसार किसानलाई क्षतिपूर्ति दिइने बताइन्छ । 'क्षति मूल्याङ्कन् गर्न समिति बनेको छ, त्यही समितिको सिफारिसका आधारमा किसानले क्षतिपूर्ति पाउँछन् ।



# किसान समस्या र यसको समाधान (अवधारणा पत्र)

नेपालको जनसङ्ख्या २,६४,९४,५०४ (२०६८ सालको जनगणना अनुसार) रहेकोछ कुल परिवार ५४,२३,२९७ रहेकोमा ७४५ (४०,१३,२४०) किसान परिवार रहेको छ । उक्त किसान परिवार मध्ये ५३५ (२१,२७,०१७) सँग ०.५ हेक्टर भन्दा कम जमिन छ । यो ५३% किसान परिवार कुल कृषियोग्य जमिनको १८५ (३,८२,८६३ ) मात्र जग्गा उपभोग गर्दछन् । जबकि ठूला किसान (२ हेक्टर भन्दा माथि) ४५ ले २२५ जमिन ओगटेका छन् । नेपालमा कृषिमा आश्रित जनसङ्ख्या ६५.६५ रहेको छ । कुल गार्हस्थ उत्पादनमा ३१.१५ कृषिले योगदान दिएको छ । (राष्ट्र बैङ्कको तथ्याङ्क २०७४/७५ तर सरकारी आँकडा २७.६ ले गार्हस्थ उत्पादनमा योगदान दिएको भनिएको छ । ६० किसानलाई कृषिको आम्दानीले खान पुग्दैन । कृषिबाट दैनिक आम्दानी रु.१०० प्रतिव्यक्ति छ । कृषि क्षेत्रमा खर्च रु.९१ छ । अन्य खर्च कृषिबाट पुग्दैन वित्तीय संस्थाले सरकारी नियम अनुसार १२ लगानी गर्नु पर्नेमा ४.४ मात्र लगानी गरेको छ ।

विश्वमा भोकमरी सङ्ख्या ८१.५ करोड छ । यस मध्ये ६५ एशिया र अफ्रिकामा छन् । १६ एशियामा मात्र छन् । ५ सेकेण्डमा १ बालकको मृत्यु हुन्छ । विश्वभरि कुपोषित गरिब ७.८ छन् पुड्को बच्चाहरु ३७.४ छन् । ९ जनामध्ये १ जना भोकै सुत्छन् । कुल जनसङ्ख्याको २१.६ प्रतिशत गरिबीको रेखामुनि छ । ग्लोबल फुड पोलिसी रिपोर्ट-२०१७ को सहायक प्रतिवेदन अनुसार ग्लोबल हेगर इडेक्समा नेपाल ७२ औं स्थानमा छ । भोकमरीको सुचाङ्क २१.८ छ (स्रोत कारोवार दैनिक, किरण आचार्य ।

माथिको आँकडा अनुसार २०६८ सालको जनगणना हो । अब अर्को आँकडा २०७७ सम्म आइपुग्ला । यसरी ९ वर्ष (लगभग १ दशक) मा यो स्थिति निकै परिवर्तन आइसकेको छ । तैपनि २०६८ को आधार (बेस)लाई मान्दा कृषि क्षेत्रको स्थिति र किसानको समस्याको प्रवृति (ट्रेण्ड) लाई विश्लेषण गर्न मद्दत पुग्दछ । यसबाट यो देश साना किसान तथा भूमिहीन किसानको देश हो भनेर प्रष्ट देखिन्छ । यो स्थितिमा किसानहरूलाई नवउद्धारवादी नीतिहरूले सिर्जना गरेको, खाद्य, उर्जा, जल, जमिन, अर्थतन्त्र र जलवायु बिविधता गम्भीर र सङ्कटबाट उत्पीडनमा परिरहेका छन् । उक्त आँकडाले सानो स्केलको खेती प्रणालीको प्रधानतालाई देखाउँछ । यो प्राक-पूँजीवादी

*कृषि उत्पादनहरूको बिक्रीको मूल्य समस्याले कृषि उत्पादन प्रति किसानहरू पलायन हुँदै गइरहेका छन् भने भूमिको शहरीकरण, प्लटिङ्गको विकास पहाडमा कृषि उत्पादनको लागि सरकारी नीतिको अभाव कृषियोग्य जमिन (ठूला र साना स्केल दुबै) बाँझो बन्दै गईरहेका छन् ।*

अवस्था हो । ठूलो र जमिन्दारहरूबाट जमिनमा



आधुनिकीकरणको अभावमा ठेक्का, बटैया, अधिया र कुत खाने साना किसान मार्फत् खेती गरिन्छ । व्यवसायिक खेतीको विकासको नाममा नगण्य व्यवसायिक खेती तथा कृषि सहकारी उत्पादन शुरु भएका छन् । कृषि सहकारी यसका उद्देश्य विपरित ''सहकारी माफिया''हरू दलाल पूँजीपतिको पक्षपोषणको प्रवृतिमा हावी हुँदै गईरहेको छ । कृषिको व्यवसायिकरणको नाममा 'करपोरिट फार्मिङ्ग'- औपनिवेशिक कृषि प्रणाली) को आवधारणा सरकारले लिँदै गइरहेको छ । कृषि उत्पादनहरूको बिक्रीको मूल्य समस्याले कृषि उत्पादन प्रति किसानहरू पलायन हुँदै गइरहेका छन् भने भूमिको शहरीकरण, प्लटिङ्गको विकास पहाडमा कृषि उत्पादनको लागि सरकारी नीतिको अभाव कृषियोग्य जमिन (ठूला र साना स्केल दुबै) बाँझो बन्दै गईरहेका छन् । यसका लागि कृषि क्षेत्रमा क्रान्तिकारी परिवर्तनको आवश्यकता देखिन्छ । जुनसुकै सरकार आएता पनि टालटुले प्रकारको सुधारका प्रवृति मात्रै देखा पर्ने गरेको छ । क्रान्तिकारी परिवर्तनका लागि ठोस पहलकदमी भएको देखिदैन । त्यस प्रकारको परिवर्तन दुई प्रकारले गर्न सकिन्छ । प्रथम-नयाँ जनवादी व्यवस्था (न्यू डेमोक्रोटिक सिस्टम) अन्तर्गत, द्धितिय - अहिलेको अवस्थामा राजकीय पूँजीवाद (स्टेट क्यापिटालिज्म) मार्फत् जो समाजवादी अर्थ प्रणालीको अङ्ग पनि हो । अहिलेको अवस्थामा सहकारी प्रणालीबाट उन्नत खेती प्रणालीलाई राज्यले मूल नीति बनाउनु पर्दछ । यो स्थितिमा कृषि क्षेत्रको समस्याको पहिचान ठोस रुपमा गर्नु पर्ने आवश्यकता छ र आमूल परिवर्तनका लागि क्रान्तिकारी आन्दोलन उठाउनु पर्ने आवश्यकता देखिन्छ । त्यसका लागि नेकपा (मासल)को किसान मोर्चा अखिल नेपाल किसान महासङ्घ (ए.पी.एफ.ए) र नेकपा (माओवादी-क्रान्तिकारी)को किसान मोर्चा अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) को संयुक्त पहलमा सबै किसान संङ्घ-संगठनहरू मिलेर नेपालको कृषि क्षेत्रको समस्या पहिचान गरी कृषिमा क्रान्तिकारी परिवर्तनका लागि आन्दोलन उठाउन आह्वान गर्दछौं ।

किसान र कृषि क्षेत्रका समस्याहरू

**क) भूमि समस्या :**

उल्लेखित तथ्याङ्कको जमिन हुनेले आधुनिक खेती नगर्ने , जमिन नहुनेले निर्वाहमूखी खेती गर्दा कृषि उत्पादनमा ह्रास आइरहेको छ । यसको लागि जमिनको हदवन्दीको वैज्ञानिक व्यवस्थापन हुनु पर्दछ । हदवन्दी भन्दा बढी जग्गा भूमिहीन किसानलाई कृषि उत्पादनको लागि वितरण गरिनु पर्दछ । गुठीमा भईरहको अनियमिततालाई पूर्ण नियन्त्रण गरिनु पर्दछ । गुठी र अन्य क्षेत्रका मोहीहरूलाई मोहियानी हक दिलाउनु पर्दछ । कृषि जमिन र आवास तथा औद्यौगिक क्षेत्र अलग-अलग रुपमा छुट्याइनु पर्दछ । कृषियोग्य जमिन प्लटिङ्ग बन्द गरिनु पर्दछ । यसको लागि क्रान्तिकारी भूमिसुधार लागु गरिनु पर्दछ । विद्यमान अवस्थामा रहेको सिँचाई व्यवस्थालाई वैज्ञानिक र सर्वसुलभ व्यवस्थाका लागि राष्ट्रिय सिँचाई